मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

'सञ्चारसम्बन्धी ऐन ल्याउने तयारीमा सरकार'



समाचार पृष्ठ ५ मा

वर्ष २ | अंक १६८ | २०८१ साल वैशाख २६ गते बुधबार | Wednesday 08, May 2024 | सूर्योदयः बिहान ५:२२ बजे | सूर्यास्तः साँझ ६:४२ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

## सरकारलाई निरन्तर साथ

**मधेशदृष्टि**
**काठमाडौँ ।**
नेकपा एकीकृत समाजवादीले सरकारमा पार्टी सहभागिता निरन्तर रहने जनाएको छ । उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी, नेपाल विभाजनपछि उत्पन्न परिस्थितिबारे छलफल गर्न मंगलबार बसेको पार्टी सचिवालय बैठकले यस्तो निर्णय गरेको हो । मुलुकमा विकसित राजनीतिक घटनाक्रमलाई विश्लेषण गर्दै सरकारमा पार्टीको सहभागितालाई निरन्तरता दिने निष्कर्ष निकालिएको पार्टीले जनाएको छ ।
त्यसैगरी, बैठकले सरकारको आगामी आर्थिक वर्षको नीति, कार्यक्रम र बजेट निर्माण प्रक्रियामा सहभागी हुन र संसदमा प्रभावकारी भूमिका खेल्न पनि पार्टीका सांसदहरूलाई निर्देशन दिएको छ ।
पार्टी महाधिवेशनको कामलाई छिटो सम्पन्न गर्न पनि सम्बन्धित कमिटीलाई बैठकले सचेत गराएको छ । बैठकमा नेताहरूले पार्टी भित्रको एकता अझ बलियो बनाउनुपर्नेमा पनि जोड दिएका थिए ।

## आधा अर्ब जरिवाना ९ वर्ष जेल



**मधेशदृष्टि**
**काठमाडौँ ।**
विशेष अदालत काठमाडौँले नेशनल पेमेन्ट गेटवेमा भ्रष्टाचार प्रकरणमा दोषी देखिएका नेपाल टेलिकमका तत्कालीन प्रबन्ध निर्देशक सुनील पौडेललाई ९ वर्ष कैद सजाय फैसला गरेको छ ।
यस्तै उनीबाट झण्डै आधा अर्ब रुपैयाँ असुलको फैसला भएको छ ।
पौडेललाई अदालतले बिगो, जरिवाना र कैद फैसला सुनाएको हो ।
वैशाख ७ गते भ्रष्टाचार मुद्दामा दोषी ठहर भएका पौडेलबारे मंगलबार विशेष अदालतका न्यायाधीशद्वय टेकनारायण कुँवर र मुरारीबाबु श्रेष्ठको इजलासले सजाय र असुलबारे निर्धारण गरेको हो ।
पौडेलसँग २३ करोड २७ लाख ५८ हजार रुपैयाँ बिगो र सोही बराबर जरिवाना अर्थात् ४६ करोड ५४ लाख रुपैयाँ असुल गर्न भनिएको छ । उसो त पौडेलविरुद्ध अख्तियारले दायर गरेको अकुत सम्पत्ति आर्जनको मुद्दा अझै विचाराधीन छ ।

# यसपटक पनि बलियो बन्ला त उपेन्द्र यादवको पार्टी ?

**अफरोज अर्पण**
**वीरगंज ।**
उपेन्द्र यादवको पार्टी फुट्यो, यो खबर न अनपेक्षित थियो, न त पहिलोपटक नै । संविधानसभाको निर्वाचनपछि जब मधेशी जनअधिकार फोरम, मधेशको राजनीतिमा ठूलो दल र केन्द्रीय राजनीतिमा चौथो शक्तिको रूपमा उदय भयो, यो पनि अपेक्षित थिएन । राजनीतिमा के अपेक्षित छ, के अनपेक्षित ? त्यो बुझ्न कुनै घटनाले देखाउने परिणामले नै भन्न सम्भव हुन्छ । त्यो भन्दा पहिले भन्ने कुराहरु सम्भावना या शंका, आशंका वा उपशंका(तपाईं जे भन्नुहोस्) हुन् ।
बादल लागेपछि वर्षा हुन्छ भन्ने अपेक्षा हुन्छ, बादल लागेर पानी नपर्न पनि सक्छ, बादल नलागि पनि पानी पर्न सक्छ । यहाँ जे पनि हुनसक्छ किन कि मौसममा न त हाम्रो वश चल्छ न त मौसमविद्को । तर, जब राजनीतिक बादलमा पात्रहरु मडारिन थाल्छन्, तब राजनीतिका मोसमविद्ले आफ्नो अनुकुल पूर्वानुमान गर्न थाल्छन् । पटकपटक महाधिवेशन गर्ने घोषणा र तयारी गर्दै आएको उपेन्द्र यादवको पार्टीले महाधिवेशनपूर्व कुनै न कुनै कारणले कुनै न कुनै पार्टीसँग एकीकरण गर्न पुग्थ्यो र महाधिवेशन टथ्र्यो । तर गत आइतबार महाधिवेशनको मुखमा रहेको जनता समाजवादी पार्टी (जसपा) नेपाल फुटेको छ । सम्भवतः अब यसपटक पनि महाधिवेशन हुँदैन र उपेन्द्र यादव पार्टी अध्यक्ष रहिरहने छन् ।



अध्यक्ष यादव अमेरिका भ्रमणमा रहेका बेला पार्टी संघीय परिषद् अध्यक्ष एवम् निर्वाचित सांसद अशोक राई नेतृत्वमा जसपा नेपालबाट विभाजित भएर जसपा गठन भएको छ । राईलाई ७ सांसदले साथ दिएका छन् । यादवसँग अब ५ सांसद बाँकी छन् । राष्ट्रिय सभाका ३ सांसद यादवकै पक्षमा छन् । नाम जसपा र चुनाव चिन्ह मुठ्ठी राख्ने गरी निर्वाचन आयोगमा सोमबार दर्ता भएको प्रमाण पत्रसमेत पाइसकेको नयाँ दलमा राई, पार्टीका प्रमुख सचेतक प्रदीप यादव, सांसद वीरेन्द्र महतो, नवलकिशोर साह सुडी (संघीय सरकारका वनमन्त्री), सुशीला श्रेष्ठ, हसिना खातुन र रञ्जु ठाकुर छन् । राईलाई काठमाडौँका नेता राजेन्द्र श्रेष्ठ र बाँकेका नेता मोहम्मद इस्तियाक राई, नेतृ रेणु यादवले साथ दिएका छन् ।

### जसपा नेपालभित्रको उकुसमुकुस

२०७७ वैशाख ८ गते तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारले दल विभाजनसम्बन्धी अध्यादेश जारी गर्‍यो । त्यसको उद्देश्य समाजवादी पार्टीको एउटा समूहलाई अलग गराउनु हो भनेर अथ्र्याइयो । त्यतिबेला पार्टी अध्यक्ष उपेन्द्र यादवसँग तत्कालीन सांसदहरू मोहम्मद इस्तियाक राई, प्रदीप यादव, रेणु यादवलगायत असन्तुष्ट थिए । उनीहरूलाई अलग्याएर बेग्लै दल बनाउने आसयले नेकपा एमालेका अध्यक्षसमेत रहेका केपी शर्मा ओली नेतृत्वको तत्कालीन सरकारले राजनीतिक दलसम्बन्धी अध्यादेश ल्याएको भन्ने विश्लेषण गरियो । तर झुटको बादल मडारिइरहेको तत्कालीन राजपासँग रातारात उपेन्द्र यादवले एकीकरण गरेर पार्टी जोगाए । करिब ४ वर्षपछि एमाले सहभागी नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकारले आफ्नो कमजोर कडीको गठबन्धनलाई दीर्घायू बनाउन जसपाभित्रको उकुसमुकुसलाई एउटा रुप दिएका छन्, नेपालरहित जसपा । उपेन्द्र यादव र नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले नेपाली कांग्रेसको नेतृत्वमा वैकल्पिक गठबन्धन बनाउन देखाएको सक्रियाताले असहज महसुस गरिरहेका ओली र प्रचण्डले जसपा नेपालमा भूकम्प ल्याइदिएको र एकीकृत समाजवादीमा समेत त्यसको पराकम्पन पुग्ने गरी तिर चलाएको राजनीतिक वृत्तमा चर्चा छ । यद्यपि प्रधानमन्त्री प्रचण्डले उपेन्द्र यादव नेतृत्वको जसपा नेपाल विभाजन हुनुमा आफ्नो कुनै भूमिका नरहेको प्रष्ट पारेका छन् । जसपा विभाजनको आरोप तपाईंमाथि छ नि भन्ने जिज्ञासामा उनले भने, 'आरोप त, अब अरू कसलाई देख्छन् र मान्छेहरूले प्रचण्डबाहेक नेपालमा ।'
नेपाल र यादवले कांग्रेससँग मिलेर सरकार ढाल्ने प्रयास गरेकाले पार्टी विभाजन गर्न परेको विद्रोही सांसदहरूले तर्क गरिरहेका छन् । वर्तमान गठबन्धनलाई निरन्तर समर्थन रहने बताइरहेका छन् । यद्यपि पार्टी विभाजनमा सत्ताको हात नरहेको दाबी गरिरहेका छन् ।
पार्टी विभाजनमा सारथी बनेका जसपा नेपालका प्रभावशाली नेता इस्तियाक राईले अध्यक्ष उपेन्द्र यादवको कार्यशैली, पार्टीभित्र हुकुमी शासन, आसन्न महाधिवेशनमा आफ्ना मान्छेबाहेका अरुलाई

बाँकी पृष्ठ २ मा

# विदेश पठाउने बहानामा तीन जिल्लाका युवासँग लाखौँ असुली

*मौलापुर नगरपालिका–५ का पृथ्वीनारायण यादवले काठमाडौँमा आरोहण ह्युमन रिसोर्स सञ्चालन गरेर पछिल्लो दुई वर्ष यता विदेश पठाउने भन्दै बारा, पर्सा र रौतहटका धेरै युवासँग लाखौँ रुपैयाँ असुली गरेका छन् र म्यानपावर कम्पनी पुग्दा बाउन्सर लगाएर कुटपिट गरी भगाउने गरेका छन् ।*

**सञ्जय मिश्रा**
**रौतहट ।**
सरकारले वैदेशिक रोजगारीमा जान कैयौँ देशका लागि फ्रि भिसा फ्रि टिकट भनिरहँदा रौतहट घर भई काठमाडौँमा मेनपावर सञ्चालन गरेका सञ्चालकले लाखौँ रुपैया असुलेर पीडितलाई नै धम्काउने गरेको पाइएको छ । मौलापुर नगरपालिका–५ का पृथ्वीनारायण यादव र देवाही गोनाहीका अर्का एकजना इञ्जिनियरसँग मिलेर काठमाडौँ, सिनामंगलस्थित आरोहण ह्युमन रिसोर्स सञ्चालन गरी ठगी गरेको पाइएको हो ।
सञ्चालक यादवले वैदेशिक रोजगारीमा मलेसिया पठाउने भन्दै आफ्नै जिल्लादेखि बारा र सर्लाहीका दर्जनौँ युवासँग लाखौँ रुपैयाँ असुलेको पाइएको छ । पैसा लिएर एक दुई हप्तामा विदेश पठाउने भन्दै ६ महिना भन्दा बढी समयदेखि दर्जनौँ युवालाई उनले दौडाइरहेका छन् । लामो समय धाउँदा पनि उनीहरु विदेश जान पाएका छैनन् । एक जनाले तीनपटकसम्म मेडिकल गराए पनि जान पाएका छैनन् । पीडितहरु सिनामंगलस्थित आरोहण ह्युमन रिसोर्समा गएर बिरोध गर्दा यादवले बाउन्सर लगाएर पीडितलाई कुटपिट गराएर तर्साउने गरेका छन् ।
कटहरिया–५ का दीलिप यादवलाई मलेसिया पठाउने भनेर पृथ्वीनारायणले राहदानी लिएर मेडिकल गराउँदै भिसा आएपछि खबर गर्छु भनेर फिर्ता पठाए । तीन महिनापछि भिसा आइसक्यो पुनः मेडिकल गराउनुस् भनेर दीलिपलाई काठमाडौँ बोलाएर मेडिकल गराएर फिर्ता पठाए ।
त्यसको दुई महिनापछि यादव मौलापुर आएर दीलिपका आफन्त मौलापुरकै शंकर यादवको रोहवरमा अबको एक हप्तामा उडान हुन्छ भनेर एकमुष्ट ३ लाख २० हजार रुपैयाँ लिएर काठमाडौँ गए ।
त्यसपछि पटकपटक उडानका लागि भन्दै बोलाएर पृथ्वीले दीलिपलाई फिर्ता



पठाएका छन् । दीलिपका आफन्त शंकरका अनुसार पैसा लिएर गएपछि पृथ्वीले फोनसमेत उठाउन छाडे । 'पृथ्वी मेरो गाउँले हो, मसँग झुठो बोल्दैन भनेर ग्यारेन्टी गरेपछि दीलिपको बुबा किशोरीले साहुसँग ऋण गरेर पैसा दिएको ६ महिना भन्दा बढी बितिसक्यो, ६ महिनामा ३ लाख रुपैयाँको ब्याज चढिसक्यो तर दिलीप जानसकेका छैनन्,' उनले भने ।
दुई महिनाअघि पृथ्वीले दीलिपलाई काठमाडौँ बोलाएर २० दिन राखेर फिर्ता पठाएका थिए । पृथ्वीले आश्वासन मात्र दिएर ठग्ने गरेको पीडित किशोरीले बताए ।
त्यस्तै, उनले विदेश पठाउने भनेर बाराका अरुण यादवसँग २ लाख, रौतहट, गढीमाइ नगरपालिका–६ का प्रमोद साहसँग ५० हजार, सोही ठाउँका रामविश्वास यादवसँग ३५ हजार, महेश यादवसँग ५० हजार रुपैयाँ दुई वर्षदेखि पैसा लिएको पाइएको छ । उनीहरु कोही पनि विदेश जान पाएका छैनन् ।
'अहिलेसम्म न विदेश पठाउन सकेका छन् न त पैसा नै फिर्ता गरेका छन्,' शंकरले भने, 'दीलिपसँगै यिनीहरु एउटा उदाहरण मात्र हुन्, मलेसियालगायत वैदेशिक रोजगारीमा पठाउने भनेर पृथ्वीनारायण यादवले रौतहट, बारा, सर्लाहीका दर्जनौँ युवासँग जनही लाखौँ रुपैया असुलेर दुई बर्ष भन्दा बढी समयदेखि अलपत्र पारेका छन् ।'
केही महिनाअघि बाराका केही पीडित सिनामंगलस्थित आरोहण ह्युमन रिसोर्स गएर कि त हामीलाई पठाऊ कि हाम्रो राहदानी र पैसा फिर्ता गर भनेर आवाज उठाउँदा पृथ्वीले उनीहरूमाथि बाउन्सर लगाएर कुटपिट गरी भगाएको एकजना पीडितले बताए । पृथ्वीनारायण यादवसँग यसबारेमा बुझ्दा केही प्राविधिक कारणले ढिलो भए पनि अप्रिल १० तारिकमा दीलिपको उडान हुने प्रतिक्रिया दिए । स्थानीय पत्रकार कृष्ण तिवारीले दीलिपको उडान फाइनल भएको हो भने उसको टिकटको फोटोह्वाट्स एपमा पठाउन भन्दा यादवले टिकट पठाउन भने सकेनन् ।

# छात्रा फुटबलमा खजुरी चन्हा विजयी



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषाको विदेह र जनकनन्दनी पालिकामा जारी छात्रा फुटबल प्रतियोगिता–२०८१ अन्तर्गत मंगलबार भएको खेलमा खजुरी चन्हा विजयी भएको छ । जनकनन्दनी गाउँपालिकाको केएसएच मावि खजुरीको मैदानमा भएको खेलमा खजुरी चन्हाले मावि ठाढीलाई पराजित गरेको हो । प्लान इन्टरनेशनल नेपाल, जापान सरकार र आसमान नेपालको सहयोगमा जनकनन्दनी गाउँपालिकाले आयोजना गरेको प्रतियोगिताको दोश्रो खेलमा खजुरी चन्हाले सजिलै मावि ठाढीलाई पराजित गरेको छ । खेलको पहिलो हाफमा दुवै टोलीले गरेको प्रयास असफल भएको थियो । खेलको दोश्रो हाफमा खजुरी चन्हाकी गुडिया कुमारी दासले पेनाल्टीको फाइदा उठाउँदै शानदार गोल गरेकी रेफ्रि सुनिल पासवानले बताए । पासवानका अनुसार खेलको पहिलो हाफ ०–० को स्कोरमा सकिदा दोश्रो हाफमा खेलाडीहरुले खेलमा सुधार ल्याउँदै एकअर्का विरुद्ध आक्रमक भएका थिए । दोश्रो हाफमा डीबक्स हैण्ड हुँदा रेफ्रिले खजुरी चन्हालाई पेनाल्टी दिएको थियो । पेनाल्टीको फाइदा उठाउँदै खजुरी चन्हाले १–० को अग्रता कायम गर्न सफल भयो । मावि ठाढीका खेलाडीहरुले खेल समाप्ती हुँदासम्म बराबरी गोल फर्काउन सकेन् । र खजुरी चन्हा विजयी भयो ।

शिक्षा परियोजना अन्तर्गत जनकनन्दनी गाउँपालिका र विदेह नगरपालिकामा आयोजना भइरहेको छात्रा फुटबल प्रतियोगिता अन्तर्गत गिद्धाबेलापट्टी खेल मैदानमा मंगलबार भएको पहिलो सेमिफाइनल खेल वर्षाका कारण स्थगित भएको छ । मावि दुहवी गोबराही र मावि बफैबीचको खेल वर्षाका कारण बुधबार बिहान ७:३० बजेदेखि मावि गिद्धाबेलापट्टी खेल मैदानमा हुने रेफ्रि संजय कुमार मण्डलले बताए । मण्डलका अनुसार मावि दुहबी गोबराही र मावि बफैबीचको खेल बुधबार बिहान पुनः खेलिने भएको छ । मावि दुहबी गोबराही उद्घाटन खेलमा गिद्धाबेलापट्टीलाई पराजित गरेको थियो भने बफैले शिवशंकर मावि इटहर्वालाई पराजित गरेर सेमिफाइनलको भेट पक्का गरेको थियो ।

# समाजवादीमा जिम्मेवारी बाँडफाँड

**मधेशदृष्टि**
**मकवानपुर ।**
नेकपा एकीकृत समाजवादी मकवानपुरको नवौँ जिल्ला अधिवेशनपछि बसेको बैठकले विभिन्न पालिकाका लागि इन्चार्ज तथा सहइन्चार्ज तोकेको छ । बैठकले हेटौँडा उपमहानगरपालिका इन्चार्जमा पार्टी सचिव ध्रुव भुजेललाई जिम्मेवारी प्रदान गरेको छ ।

सचिव भुजेलले पार्टी संगठन विभागको समेत जिम्मेवारी पाएका छन् । सहइन्चार्जमा उपसचिव कविन पन्त, सदस्यहरुमा राजु अधिकारी, ज्ञानेन्द्र देवकोटा, देवराज गौतम र शुक्रदेवी बल छन् । थाहा नगरपालिका इन्चार्जमा सानुकाजी गोपाली, सहइन्चार्जमा वीरबहादुर तामाङ र शर्मिला जिम्बा रहेका छन् । मनहरी गाउँपालिका इन्चार्जमा उपसचिव किशोर बर्तौला, सहइन्चार्जमा शिवकुमार काशी र देवीमाया तामाङ छन् ।

ईन्द्रसरोवर गाउँपालिका इन्चार्जमा कुन्साङ लामा छन् भने राक्सिराङ गाउँपालिका इन्चार्जमा ज्ञानेन्द्र तामाङ र सहइन्चार्जमा कृष्णबहादुर तामाङ् चयन भएका छन् । कैलाश गाउँपालिका इन्चार्जमा उपसचिव टंक मोक्तान र सहइन्चार्जमा कालु ढकाल छन् । मकवानपुरगढी गाउँपालिका इन्चार्जमा दुर्गा दहाल र सहइन्चार्जमा शिवराज देवकोटा छन् । बैठकले तिलक अधिकारीलाई कार्यालय सचिवको जिम्मेवारी प्रदान गरेको छ भने रामकुमार एलनलाई सूचना तथा सञ्चार विभाग प्रमुखको भूमिका दिएको छ ।

यस्तै, मनोजकुमार वाइवालाई जनजाति महासंघ, अरुण बर्तौलालाई विद्यार्थी, शान्ति प्रियवन्दनालाई राष्ट्रिय जनसांस्कृतिक महासंघ, दीपक बस्नेतलाई एकीकृत ट्रेड युनियन इन्चार्ज र अलि हुसेनलाई मुस्लिम इत्तेहाद संगठनको इन्चार्जको जिम्मेवारी दिएको छ ।

# यसपटक पनि बलियो बन्ला त...

प्रतिनिधि नबनाउने जस्ता व्यवहारले पार्टी विभाजन हुन पुगेको बताए । पर्साबाट निर्वाचित सांसद प्रदीप यादवले पनि पार्टीभित्र उपेन्द्र यादवको व्यवहारले सबै नेता पीडित रहेको र उनकै कार्यशैलीका कारण पार्टी विभाजन हुन पुगेको आरोप लगाउँदै आएका छन् । उपेन्द्र यादवभित्र रहेको अहंकार र मनोगत मसिहा स्वभावसँगै मधेशभित्रका विविधताप्रति आँखा चिम्लिने प्रवृत्तिले पनि उपेन्द्र यादवको साथ छाड्नेहरुको संख्या बढ्दै गइरहेको छ ।

उपेन्द्र यादवलाई साथ छोड्नेहरु

पहिलो मधेश आन्दोलन चलेकै बेला सरकारले उपेन्द्र यादवलाई वीरगंजबाट हेलिकप्टरमा काठमाडौँ ल्याएर २२ बुँदे सहमति गरेको थियो । सरकारसँग भएको २२ बुँदे सहमतिकै आधारमा सडक आन्दोलन रोक्न नहुने तर्क तत्कालीन मधेशी जनअधिकार फोरमका उपाध्यक्ष भाग्यनाथ प्रसाद गुप्ताले गरेका थिए । उनले २२ बुँदे सहमति धोका रहेको दाबी गर्दै आन्दोलन जारी राखेका थिए । त्यसैबेला पहिलोपटक फोरममा फुट भयो । र, गुप्ताले यादवको साथ छोडे । त्यसपछि फोरमको पहिलो महाधिवेशनमा अमर यादवले अध्यक्षको दाबेदारी प्रस्तुत गर्दा विवाद भएको थियो । विवादको सिलसिला बढ्दै गएपछि अमरले उपेन्द्रलाई छोडेर मधेश तराई फोरम स्थापना गरे । यी दुई नेताले उपेन्द्र यादवलाई छोड्दा पार्टीलाई खासै ठूलो क्षति भएको थिएन् । तर, पहिलो संविधान सभाको निर्वाचनमा मधेशको ठूलो दल बनेर आएको मधेशी जनअधिकार फोरममा सरकारमा जाने विवाद भएपछि नेता विजयकुमार गच्छदारले पार्टी विभाजन गरे । यसले उपेन्द्र यादवको राजनीतिमा ठूलो झट्का दिएको थियो । पहिलो संविधानसभाको अन्त्यतिर उपेन्द्र यादवसँग रुष्ट भएर तत्कालीन पार्टी उपाध्यक्ष जय प्रकाश(जेपी) गुप्ताले पार्टी विभाजन गरेर बाबुराम भट्टराई नेतृत्वको सरकारमा सहभागी भएका थिए । बहालवाला मन्त्री गुप्ता भ्रष्टाचार मुद्दामा कारागार चलान भएपछि मधेशी जनअधिकार फोरम (गणतान्त्रिक) को नेतृत्व राजकिशोर यादवले सम्हालेका थिए । विभिन्न राजनीतिक घुम्तीमा पुगेर जसपामा आइपुगेका राजकिशोर अहिले उपेन्द्र यादवलाई साथ दिने पाँच सांसदमध्येका एक हुन् ।

फोरमको स्थापनाकालदेखि नै अध्यक्ष रहेका उपेन्द्र यादव नेतृत्वको मधेशी जनअधिकार फोरम अशोक राई नेतृत्वको संघीय समाजवादी पार्टी नेपालसँग एकीकरण गर्दा संघीय समाजवादी फोरम नेपाल भएको थियो । अर्थात् यादवले राईसँग एकीकरण गर्दा 'मधेश' शब्द हटाएर फोरम मात्र राख्न सहमत भएका थिए । उतिबेला एमालेबाट बाहिरिएर राईसँग पार्टी निर्माण गरेर उपाध्यक्ष रहेका पूर्व

गृहराज्य मन्त्री मोहम्मद रिजवान अन्सारीले उपेन्द्र यादवसँगको एकताको विरोध गर्दै आफ्नै नेतृत्वमा नेपाल संघीय समाजवादी पार्टी गठन गरे ।

उपेन्द्र यादव नेतृत्वको संघीय समाजवादी फोरम नेपालले डा.बाबुराम भट्टराई नेतृत्वको नयाँ शक्ति पार्टीसँग एकीकरण गर्यो र पार्टीको पहिचान अर्थात 'फोरम' शब्द पनि हटायो । उपेन्द्र यादवको शैलीको विरोध गर्दै भट्टराई पनि छुट्टिए र छुट्टै पार्टी गठन गरे । राजेन्द्र महतो, महन्थ ठाकुर, सरिता गिरीजस्ता नेता पनि उपेन्द्र यादवसँग जोडिए–छुटिए ।

उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी (जसपा) नेपालले पार्टी विभाजनबारे कानुनी उपचार खोज्ने निष्कर्ष निकालेको छ । अशोक राईको नेतृत्वमा ७ सांसद र ३० केन्द्रीय सदस्यको मागअनुसार नयाँ दल दर्ता गराएको विषयमा अदालत जाने तयारी गरेको हो । पार्टी विभाजनको विषयमा आज बुधबार पत्रकार सम्मेलन गरेर जानकारी गराउन लागेको छ । दल विभाजनसम्बन्धी कानुन नै नभएका बेला निर्वाचन आयोगले पार्टी विभाजनलाई मान्यता दिएकामा जसपा नेपालको असन्तुष्टि छ ।

यादव पक्षका एक नेता पार्टी विभाजनले मधेश र मधेशी जनताको अहित हुने बताउँछन् । पार्टीमा भएको फुटले मधेशको मुद्दा कमजोर हुने तर्क गरिरहेका उनले उपेन्द्र यादवको साथ छोड्ने कुनै पनि नेता राजनीतिमा स्थापित हुन नसकेको बताउँछन् । उनले भने, 'उपेन्द्रजीको शैलीको विरोध गर्दै साथ छाड्नेहरुले आफ्नो पार्टी स्थापित गराउन सक्नु भएको छ र ? उहाँहरुको हैसियत र अवस्था के छ ? तपाईंलाई थाहा छ नि ? उहाँहरु अहिले कहाँ हुनुहुन्छ, केही अत्तोपत्तो छ ? उहाँहरुले पार्टीको सांसद लिएर पार्टी फुटाउनु हुन्छ तर निर्वाचनपछि उहाँहरुको हालत के हुन्छ, सबैलाई थाहा छ । जसपा नेपाल धेरै पटक फुटेको छ र निर्वाचनबाट जनताबाट अनुमोदित भएर फेरि पनि उठेको छ । जसपा नेपालको जनतामा पकड छ, पार्टीप्रति जनताको विश्वास छ । यो इतिहासले पुष्टि गरिसकेको छ ।'

# भीरबाट लडेर ७० भेडा मरे

**रासस**
**जुम्ला ।**
जुम्लाको तातोपानी गाउँपालिका–७ बारागाउँको थुमलचौरमा भालुले लखेट्दा भीरबाट लडेर ७० भेडा मरेका छन् । स्थानीय मगे रावत र सिउल रावतका ७० भेडा सोमबार राती भीरबाट लडेर मरेको बारागाउँका शिक्षक अमर रावतले जानकारी दिए । मगे र सिउल दाजुभाइ हुन् । अस्थायी प्रहरी पोस्ट ताम्ती टोप्लाका अनुसार उनीहरुका एक सय दुई भेडामध्ये भीरबाट लडेर मरेको ७० वटा भेडा भेटिएका छन् । ३१ भेडा बेपत्ता छन् ।

गोठ रित्तो भएपछि भेडापालक रावत दाजुभाई घरखर्च कसरी धान्ने भन्ने चिन्तामा छन् । पीडित भेडा रावत दाजुभाईलाई राहतका लागि आवश्यक सहयोगका लागि समन्वय गरिरहेको तातोपानी गाउँपालिकाका अध्यक्ष नन्दप्रसाद चौलागाईंले जानकारी दिए ।

# मेनुकाको आँखामा 'कस्मेटिक प्रोथेस्टिक'

**मधेशदृष्टि**
**वीरगंज ।**
गायिका मेनुका पौडेलको आँखामा 'कस्मेटिक प्रोथेस्टिक' भनिने कृत्रिम आँखा राखिएको छ । तिलगंगा अस्पतालकी वरिष्ठ अकुप्लास्टिक सर्जन डा. पूर्णिमा राजकर्णिकार लगायतको समूहले कृत्रिम आँखा राखेको हो । 'कस्मेटिक प्रोथेस्टिक' राखिए पनि मेनुकाको दृष्टि चाहिं फिर्ता नआउने चिकित्सकले बताएका छन् ।

कस्मेटिक प्रोथेस्टिक सर्जरीले बाहिरबाट हेर्दा आँखा राम्रो देखिने र चश्मा लगाउन नपर्ने मात्र हुने तर दृष्टी भने नफर्किने चिकित्सकहरुले बताएका छन् । अहिलेसम्म बनेको प्रविधिले मेनुकाको आँखामा दृष्टि फिर्ता ल्याउन नसक्ने तिलगंगाका वरिष्ठ नेत्र चिकित्सक डा. सन्दुक रुइतको भनाइ छ ।

# उपराष्ट्रपति र संयुक्त अधिराज्यका राजदूतबीच भेटवार्ता



**मधेशदृष्टि**
**काठमाडौँ ।**
उपराष्ट्रपति रामसहाय प्रसाद यादवसँग नेपालका लागि संयुक्त अधिराज्यका आवासीय राजदूत रोवर्ट डोमिनिक रुसेल फेनले शिष्टाचार भेटवार्ता गरेका छन् । उपराष्ट्रपतिको कार्यालयमा मंगलबार भएको भेटमा उनीहरुबीच नेपाल र बेलायतबीच सदियौँदेखि रहिआएको मैत्रीपूर्ण सम्बन्धलाई आगामी दिनमा थप प्रगाढ बनाउँदै द्विपक्षीय हितलाई अझ प्रवद्र्धन गर्ने विषयमा छलफल भएको उपराष्ट्रपतिको सचिवालयले जनाएको छ ।

सो अवसरमा उपराष्ट्रपति यादवले संयुक्त अधिराज्य नेपालको एक प्रमुख विकास साझेदार भएको र दुई देशबीच राजनीतिक, आर्थिक तथा सांस्कृतिक सम्बन्ध तथा जनस्तरमा अद्वितीय मित्रता कायम रहेको उल्लेख गरेका थिए । उनले अन्तर्राष्ट्रिय मञ्चहरुमा पनि नेपाल र संयुक्त अधिराज्यले मानव कल्याणसँग सम्बन्ध राख्ने र साझा चासोका विविध क्षेत्रहरु राष्ट्रसङ्घीय शान्ति सेनामार्फत विश्वशान्ति स्थापनामा सहयोग, जलवायु परिवर्तनका प्रभाव न्यूनीकरण तथा महिला सशक्तीकरणका लागि सहकार्य गर्दै आएकामा खुसी व्यक्त गरेका थिए । उपराष्ट्रपति यादवले नेपाल र नेपाली नागरिकहरूका तर्फबाट राजा चाल्र्सको व्यक्तिगत सुख एवं सुस्वास्थ्यको शुभकामना सन्देश प्रेषित गरिदिन आग्रहसमेत गरेको सचिवालयले जनाएको छ । राजदुत फेनले नेपालको हरेक क्षेत्रमा संयुक्त अधिराज्यले सहयोग गर्न चाहेको बताएका थिए ।

# डाले घाँसको बीउ पाएपछि किसान दङ्ग




**रासस**
**महोत्तरी ।**
आफ्नै घरआँगनमा डाले घाँसको बीउ पाएपछि मटिहानीका पशुपालक किसान दङ्ग छन् । पशुबस्तुका लागि पोसिलो मानिने मेनदोला, भटमासे र बकाइनोको बीउ पाएपछि यहाँका किसान दङ्ग भएका हुन् । किसानलाई मटिहानी नगरपालिका र हेफर प्रजेक्टको 'कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशीलता विकास परियोजना'ले सोमबार डाले घाँसको बीउ वितरण गरेको हो । विभिन्न समूहमा आबद्ध महिला किसानलाई जनही मेनदोला–५५०, बकाइनो–१५० र भटमासे–१२० ग्राम दिइएको परियोजना संयोजक महेश यादवले बताए । डाले घाँसको बीउ मटिहानी नगरक्षेत्रका २०० बढी महिला किसानले पाएका छन् ।

आफ्नै घरआगनमा पोसिलो घाँसको बीउ पाएपछि अब पशुबस्तुका लागि घाँस खोज्न चिन्ता हराएको बीउ लिएका महिला बताउँछन् । 'प्रतिकूल मौसममा पनि घाँस काट्नुपथ्र्यो" मटिहानी–२ की पशुपालक किसान विमला खत्वे भन्छन्, 'अब आफ्नो घर नजिकको बारीमा घाँस हुर्काएपछि निकै सजिलो हुनेछ ।' खत्वेजस्तै मटिहानी–३ की ललितादेवी मण्डल र मटिहानी–९ की बच्चीदेवी साफीले पनि घरपालुवा पशुबस्तुलाई आफ्नै बारीमा उत्पादित पोसिलो घाँस ख्वाउन पाइने बताइन् । मटिहानीमा विभिन्न समूहमा आबद्ध महिला किसानले परियोजनाको सहयोगमा उन्नत जातका बाख्रा र कोरली पाल्दै आएका छन् ।

महिला किसानलाई आय आर्जनमा उत्प्रेरित गर्न यो परियोजनाले सघाउ पु¥याएको मटिहानी नगरपालिकाका प्रमुख हरिप्रसाद मण्डल बताउँछन् । पशुपालनमा लागेपछि उनीहरू आर्थिक रूपमा आत्मनिर्भर भएका छन् । । मटिहानी नगरपालिकाले बर्सेनि कृषिलक्षित कार्यक्रम सञ्चालन गर्दै आएको छ । विगत पाँच वर्षदेखि बर्सेनि मौसमअनुसारका फलफूल, तरकारी र अन्नका बीउबिरुवासँगै प्रविधिक सहयोग पनि प्रदान हुँदै नगरप्रमुख मण्डलले बताए । पछिल्लो समयमा परियोजनाको सहयोगले हौसिएका नगरका महिला बाख्रा, कोरली पालनमा जुटेका छन् । 'हामी अब आफै केही गर्न सक्ने भयौँजस्तो लागेको छ' मटिहानी–२ की पशुपालक किसान सुजिता यादव भन्छिन, 'परियोजनाले हामीलाई आत्मनिर्भर बनाउँदैछ ।' यसैगरी सोमबार नै परियोजनाले सातवटा महिला सहकारी संस्थालाई अभिलेख राख्न सहयोग पुग्ने उद्देश्यले ल्यापटप, प्रिन्टरसहितका सामग्री प्रदान गरेको छ । महिला सहकारीलाई उत्पादित फलपूmल र तरकारी सुरक्षित राख्न र बजारसम्म पु¥याउन 'क्यारेट' पनि उपलब्ध भएको छ ।

# कोशीमा सहकारी पीडितको न्यायका लागि आजपाको आन्दोलन




**मधेशदृष्टि**
**विरगंज ।**
आम जनता पार्टी (आजपा)का वरिष्ठ उपाध्यक्ष एवं संविधानसभा सदस्य तिलक थापाले बैंक, सहकारी, लघुवित पीडितलाई सरकारले न्याय दिन नसकेको आरोप लगाएका छन् । मोरङको उर्लाबारीमा मंगलबार आजपाद्धारा आयोजित बृहत भेलालाई सम्बोधन गर्दै थापाले सरकारले पीडितहरुको माग सम्बोधन गर्नमा ढिलाई गरेकाले अब आन्दोलनको बिकल्प नभएको बताए । सरकारले पीडितको माग सम्बोधनमा ढिलाई गरेको बताउँदै उनले आजपाले न्यायका लागि कडा आन्दोलन गर्ने चेतावनी समेत दिए । 'बैंक, सहकारी, लघुवित लगायतका पीडितहरु न्यायको पर्खाईमा रहेका छन् । तर सरकारले सुनेर, बुझेर पनि नसुने जस्तो गर्ने । नबुझे जस्तो गर्ने काम भईरहेको छ' थापाले भने, 'तर हामी सरकार जस्तै चुप लागेर बस्न सक्दैनौं । हामी पीडितलाई न्याय दिलाउँनका लागि संघर्ष गर्न तयार छौं । आन्दोलनबाटै पीडितलाई न्याय दिलाउन सरकारलाई हामीले बाध्य बनाउँछौं ।'

आजपाले बैंक, सहकारी, लघुवित पीडितलाई न्याय दिलाउनका लागि संघर्ष गर्दै आएको छ । पछिल्लो समय पीडितहरु न्याय माग गर्दै आएको भए पनि सरकारले उनीहरुको माग सम्बोधनमा चासो नदिएको गुनासो रहेको छ । आजपा कोशी प्रदेशका सचिव एवं मोरंग जिल्ला इन्चार्ज गायत्री राईको अध्यक्षतामा भएको कार्यक्रममा पार्टीका नेता, बैंक, सहकारी, वितियसंस्था पीडित, सर्वसधारण लगायतको सहभागिता रहेको थियो । आजपाले मधेश प्रदेशमा विद्यार्थीको अनुपातमा विषयगत र तहगत शिक्षकको व्यवस्था गर्नुपर्ने मागसहित आन्दोलनमा रहेको छ । उता काठमाडौं त्रिपुरेश्वर स्थित भन्सार विभाग घेराउ तथा धर्ना दिदै आजपाले भन्सार कानूनमा रहेको लुटकारी व्यवस्थाको अन्त्य हुनुपर्ने माग सहित निरन्तर आन्दोलन गरिरहेको छ । हालै आजपाले काठमाडौं सहित विभिन्न ठाउँमा भ्रष्टाचार, अनियमितता, कुशासनको बिरुद्धमा जनप्रदर्शन गरेको थियो । मुलुकलाई समृद्ध बनाउँनका लागि भ्रष्टाचारको अन्त्य हुनुपर्ने र शासन व्यवस्थामा परिवर्तन हुनुपर्ने माग आजपाले गर्दै आएको आजपा महासचिव त्रिभुवन साहले जनाएका छन् ।

# कारको ठक्करबाट बालिकाको मृत्यु

**मधेशदृष्टि**
**वीरगंज ।**
बाराको परवानीपुर गाउँपालिका वडा नम्बर ५ नौतन बहुअरीस्थित सडकमा भारतीय कारको ठक्करबाट ६ बर्षीया बालिका प्रीतिकुमारी साहको मृत्यु भएको छ । गण्डकबाट वीरगंजतर्फ आउँदै गरेको डिएल १ चिएच २३६० नम्बरको कारले प्रीतिलाई ठक्कर दिदाँ गम्भीर घाइते भएर उपचारका लागि अस्पताल लैजादै गर्दा बाटोमै उनको मृत्यु भएको हो । कारचालक बारा, सिम्रौनगढ नगरपालिका वडा नम्बर ९ बासवरियाका ३७ बर्षीय मुकेशप्रसाद यादव र कारमा सवार भारत, बिहार, मोतिहारीका २७ बर्षीय मनिषकुमार यादवलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

# ‘ती राजनीतिकर्मी र यी प्रधानाध्यापक वीरबल’

टीकाराम सुनार/सुदीप राउत

‘शिक्षाबिनाको जीवन कहिल्यै माथि उठ्न सक्दैन । यो कुरा जति बुझाउने प्रयास गर्दा पनि मुसहर बस्तीका अभिभावकले बुझ्दैनन् । सरकार र सरोकारवालाले बालबालिकालाई विद्यालयमा टिकाउन मुसहरबस्तीका अभिभावकलाई जीविकोपार्जनको आधार तयार गरिदिनुपर्ने आवश्यकता छ ।’



**सिरहा ।** प्रजातन्त्र स्थापनापछि २०५४ जेठमा हुन लागेको दोस्रो स्थानीय निकायको निर्वाचनताका वीरबल यादव भर्खर २५ वर्षमा टेकेका थिए । कुशल शिक्षक बन्ने सपना बुनेर केही वर्षअघि ओखलढुङ्गाको राज्यलक्ष्मी मावि, उबुमा प्रवेश गरेका यादव हुँदाखाँदाको जागिर छाडेर जन्मस्थान सिरहाको बरियारपट्टि फर्किएको धेरै भएको थिएन । त्यहीबेला चुनावको सरगर्मी बढ्यो । राजनीतिक दलहरुले स्थानीयस्तरमा राम्रो प्रभाव भएका परिवार र धेरै मत बटुल्न सक्ने व्यक्तिको खोजी गर्दै थिए । शिक्षा सङ्कायबाट स्नातक (बिएड) पढेका थोरै युवामध्ये टाठाबाठा र जुझारु स्वभावका यादवमाथि धेरै पार्टीको नजर प¥यो । उनी नेपाल कम्युनिष्ट पार्टी (एमाले) बाट गाविस अध्यक्षको उम्मेदवार बन्ने माहोल बन्यो । ‘शिक्षक बन्न हिँडेको मान्छे राजनीतिमा धेरै रुचि थिएन । साथीभाइले निकै जोड गरेपछि चुनावमा उम्मेदवार हुनैपर्ने भयो ।

उम्मेदवार त भइयो तर गाउँका क्लबहरुमार्फत समाजसेवा गरेको र विद्यालयमा पढाउनेबाहेक अर्को अनुभव थिएन । नभन्दै सबैको इमान्दार सहयोगबाट अध्यक्षमा निर्वाचित भइयो’, यादवले राजनीतिक जीवनको सुरुआती दिन सम्झए ।

अध्यक्षमा निर्वाचित भएपछि हो यादवको राजनीतिक जीवन सुरु भएको । उनी आफ्नो राजनीतिक जीवनबारे भन्छन्, ‘चाहेर वा नचाहेर राजनीतिमा प्रवेश गरिसकेपछि पढेलेखेका युवाप्रतिको भरोसा, विश्वास र अपेक्षाको दबाबमा थिएँ । त्यो भरोसा, विश्वास र अपेक्षालाई टुटाउने वा असफल हुने छुट मलाई थिएन । त्यसैले आफूले जानेको, बुझेको र क्षमताले भ्याएसम्म राम्रो गर्ने प्रयासमा लागेँ ।’ उनी आफ्नो कार्यकालमा शिक्षा र कृषिलाई प्राथमिकतामा राखेर काम गरेको बताउँछन् । जिम्मेवारीका हिसाबले गाविस अध्यक्ष भए पनि अनुभव, रुचि र क्षमताका हिसाबले आफूलाई शिक्षा क्षेत्रभन्दा पर बस्न नसकेको बताउने यादवले अध्यक्ष भएकै बेला पनि स्वयम्सेवी शिक्षकको रुपमा पढाउन नछोडेको सुनाए ।

‘त्यो समयमा बजेट निकै कम थियो तर पनि आफू पढेको विद्यालयलाई मावि बनाउनैपर्ने आवश्यकता थियो । सोहीअनुसार विद्यालयको स्तरोन्नति गरियो तर पढाउने जनशक्तिको अभाव थियो । त्यही अभाव पूर्ति गर्न मलगायत अन्य केही साथीहरुले स्वयम्सेवी शिक्षकका रुपमा काम ग¥यौँ’, यादवले भने । त्यसैगरी उनले सो क्षेत्रमा विकराल समस्याका रुपमा रहेको सिँचाइका लागि जनश्रमदानमार्फत गार्गन खोलामा कच्ची बाँध बाँधेर किसानको खेतसम्म पानी पुऱ्याएको बताए ।

## यसरी मोडिए राजनीतिमा

विसं २०४४ मा सिरहास्थित चन्द्र माध्यमिक विद्यालयबाट प्रवेशिका परीक्षा (एसएलसी) उत्तीर्ण यादवले भारतको विहारस्थित विहार इन्टर काउन्सिलबाट विज्ञान विषयमा प्लस टूसम्मको अध्ययन गरे । पछि सूर्यनारायण सत्यनारायण मोर्बैत्ता यादव बहुमुखी क्याम्पस (सिरहा क्याम्पस) बाट शिक्षा सङ्कायबाट बिएडसम्मको अध्ययन गरे । त्यसपछि उनले २०५२ देखि २०५४ सम्म ओखलढुङ्गाको राज्यलक्ष्मी माविमा राहत शिक्षकका रुपमा अध्यापन गराए । यो यादवको अध्यापन यात्राको सुरुआती थियो ।

तीन वर्षदेखि एसएलसीमा कोही पनि उत्तीर्ण नभइरहेको अवस्थामा विद्यालय प्रवेश गरेका नवप्रवेशी यादवमाथि स्थानीय अभिभावक र सहकर्मीहरुको आशा थपियो । सानैदेखि आफ्नो जिम्मामा आएको काम जसरी पनि फत्ते गरिछाड्ने सङ्कल्पसहित डटेर लाग्ने स्वभावका यादवले त्यही निष्ठाका साथ काम गरे । अन्ततः उनीलगायत सहकर्मीको योगदानका कारण विद्यालयसँग जोडिएको पहिलो वर्षमै १७ जना विद्यार्थीमध्ये १५ जना उत्तीर्ण भएको उनले बताए । ‘माध्यमिक तहमा गणित, विज्ञान, स्वास्थ्य तथा शारीरिक शिक्षालगायत मुख्य विषय मैले नै पढाउनुपर्ने भयो । कक्षा १० मा मात्र मैले पाँच विषय पढाउनुपर्ने भयो । शिक्षक अभावका कारणले मात्रै होइन, त्यसलाई ममाथिको भरोसाका रुपमा लिएर काम गरे । यसकारण लगातार तीन वर्षदेखि एसएलसीमा शून्य नतिजा ल्याइरहेको विद्यालयबाट म जोडिएको वर्षमै १७ जनामा १५ जनाले उत्तीर्ण भएपछि त्यसको जस मलाई नै आउने स्थिति बन्यो’ यादवले भने ।

यादवकै भरमा वैकल्पिक विषयका रुपमा इच्छाधीन गणित थपियो । विद्यालयले राम्रो नतिजा ल्याउने मात्रै होइन कतिपय विद्यार्थी प्रथम श्रेणीमा उत्तीर्ण भए । राम्रो नतिजा ल्याउन थालेपछि त्यसको जस जति यादवलाई दिने अवस्था बन्दा सहकर्मीमध्येकै केहीलाई मन परेन । एकदिन तिनैमध्येका एक सहकर्मी शिक्षकसँग झगडा भएपछि भने यादवको जीवनले अर्को मोड लियो । ‘म सबै कुरा त्यागेर विद्यालयको हित नै मेरो हित हो भनेर खटिएको थिएँ । एउटै कक्षामा पाँचवटा विषयसम्म अध्यापन गराएँ । अरुको भन्दा मेरो विषयमा राम्रो नतिजा आएपछि समग्रमा विद्यालयकै नतिजा सुध्रियो’, यादवले मलिन मुद्रामा भने, ‘तर एक दिन स्थानीय सहकर्मी शिक्षकले मसँग निहुँ खोजेर झगडा गरे । चित्त दुखाउने शब्द प्रयोग गरे । त्यसै दिन हो यो समाजका लागि यति धेरै मेहनत गर्दा पनि कदर नहुने रहेछ भनेर चित्त दु◌ःखाएर आफ्नै गृहजिल्ला फर्किएको ।’ त्यहीँ परिघटनाले एउटा शिक्षक एकाएक राजनीतिकर्मी र त्यसमा पनि गाउँपालिकाको अध्यक्ष बन्ने अवस्था आएको यादवको भनाइ छ ।

## त्यसपछि मूल पेसामै फर्किए

यादवले राजनीति सुरु गरे पनि आफ्नो लगाव शिक्षा क्षेत्रबाट कहिल्यै अलग नभएको बताए । त्यसमा पनि भर्खरै बामे सर्न थालेको प्रजातान्त्रिक व्यवस्थामा मौलाएको अस्वस्थ राजनीतिक प्रवृत्तिले राजनीतिमा रहिरहने लोभ कहिल्यै जाग्न नदिएको उनको भनाइ छ । ‘भन्न त राजनीति पेसा होइन सेवा हो भन्छन् तर अधिकांश राजनीतिकर्मीले बाँचिरहेको जीवनसँग यो भनाइको तालमेल नै हुँदैन । मैले चाहिँ भन्नलाई एउटा र बाँच्नलाई अर्को गरी दुईटा जीवन बाँच्न सकिन । त्यसैले त हुँदाखाँदाको राजनीतिक जीवनलाई चटक्क छाडेर हिँडे’, यो प्रसङ्गको शुभारम्भमै वीरवल यादवले भने ।

सिरहाको बरियारपट्टि गाउँपालिका—३ स्थित श्री जनता मावि (प्रविधिक धार) को नेतृत्व अर्थात प्रधानाध्यापकको जिम्मेवारीमा यादव हुन् । २०६७ सालदेखि उनले यस विद्यालयमा प्रवेश गरेका थिए ।

सोही विद्यालय खोज्दै त्यहाँ पुगेका हामीसँग उनले सुरुमै राजनीतिको कुरा उप्काएपछि सोध्नै प¥यो, त्यसो भए राजनीति छोडेर फेरि शिक्षण पेसामै फर्किने मोड चाहिँ कसरी आयो ? जवाफमा यादवले २०५२ सालमा शिक्षा सेवा आयोगको परीक्षा दिएको र त्यसको नतिजा भने अध्यक्षको कार्यकालको सकिने बेला आएकाले फेरि रुचि र आफ्नो अनुभवकै क्षेत्रमा फर्किने अवस्था बनेको बताए । उनी भन्छन्, ‘मन शिक्षामा थियो तर भूमिका राजनीतिकर्मीका रुपमा गाविस अध्यक्षको थियो ।

न यो पद स्थायी हो न त राजनीति मेरो स्वभाव सुहाउँदो छ भन्ने बुझाइ बदलिएको थियो । त्यसैले अध्यक्षमा बहाल रहेकै बेला अन्तर्वार्ता दिन गएको थिएँ । यसमा तत्कालीन शिक्षक र अहिले सुखीपुर नगरपालिकाका प्रमुख रामअवतार यादवको ठूलो भूमिका छ ।’ नभन्दै अध्यक्षको कार्यकाल सकिएको दुई वर्षपछि आएको नतिजामा यादव उत्तीर्ण भए । सुखीपुर नगरप्रमुख यादवकै सल्लाहबमोजिम २०६० सालमा स्थायी नियुक्ति लिएर अध्यापन यात्रा पुनः सुरु गरेको यादवले स्मरण गरे । उनको स्थायी शिक्षण कर्म सोलुखुम्बुको देउसा माविबाट सुरु भयो । त्यहाँ करिब सात वर्ष बिताएका यादवले चार वर्ष प्रअ भएर नेतृत्व गरे तर पछि हालको विद्यालयमा सरुवा भएर आए ।

‘मैले सात कक्षासम्म पढेको विद्यालय हो यो । यहाँ मावि तथा उच्च शिक्षा नहुँदा अन्यत्र जानु पर्दाको पीडा नजिकबाट भोगेको छु । त्यसैले गाविस अध्यक्ष हुँदा मावि बनाएको विद्यालयलाई उच्च मावि बनाउने मेरो पहिलो प्राथमिकता थियो’ यादवले भने, ‘त्यसैका लागि साढे नौ कट्टा जमिन किन्न र बाँकी थपथाप गर्नमा जोड दिएर करिब दुई विघा जग्गा पुगाइयो ।

त्यसपछि यहाँ कक्षा १२ सम्म शिक्षा, वाणिज्य, कृषि, विज्ञान समूह विस्तार गरी अध्ययन अध्यापनको काम सुरु भएको छ ।’ यादव सो विद्यालयमा मावि तहको एक्लो स्थायी शिक्षक हुन् । सो विद्यालयमा उच्च मावि तहमा निजी स्रोत तथा राहतमा अनुदानमा नौसहित कूल ३२ जना हुन् । त्यहाँ मावि तहमा साढे १४ सय र उच्च माविमा तीन सय जना गरी साढे १७ सय विद्यार्थी अध्ययनरत छन् ।

मुसहर बालबालिकालाई शिक्षासँग जोड्ने सपना

बरियारपट्टि अर्थात् विद्यालय वरपर यादव समुदायको बाहुल्यता भए पनि अन्य समुदायको पनि मिश्रित उपस्थिति छ । करिब सय घर परिवार त मुसहर समुदायका मात्रै छन् । ती परिवारबाट विद्यालय जाने बालबालिकाको संख्या करिब ३५ जना मात्रै छ । त्यो पनि प्रअ यादवलगायतको मेहनतबाट सम्भव भएको हो । ‘मुसहर समुदायका बालबालिका विद्यालय आउने अवस्था नै थिएन । आठ÷दस वर्षको उमेरमा विद्यालय आउने र प्राथमिक तहभन्दा माथि पढ्नै नचाहने प्रवृत्ति छ’, यादव भन्छन्, ‘हातहातमा मोबाइल छ तर कापी कलम किन्ने पैसा छैन भनेर अभिभावकले बहानाबाजी गर्ने र पैसा कमाउन भारत पठाउने समस्या त्यो समुदायको ठूलो समस्या हो । अहिले मुस्किलले ३०÷३५ जनालाई विद्यालयमा टिकाएका छौँ ।’

सो क्षेत्रमा मुसहर समुदायबाट एसएलसी उत्तीर्ण गर्ने एक जना मात्रै छन् । यादवलगायतकै पहलमा वर्षको ३० हजार रुपैयाँ छात्रवृत्ति पाउने गरी पठनपाठनको व्यवस्था मिलाउँदासमेत ती विद्यार्थी १२ कक्षाको परीक्षाकै मुखमा भागेर पञ्जाव गएको घटनाले उनलाई अहिले पनि पिरोलिरहेको छ । यादवको दुःखेसो छ, ‘शिक्षाबिनाको जीवन कहिल्यै माथि उठ्न सक्दैन । यो कुरा जति बुझाउने प्रयास गर्दा पनि मुसहर बस्तीका अभिभावकले बुझ्दैनन् । सरकार र सरोकारवालाले बालबालिकालाई विद्यालयमा टिकाउन मुसहरबस्तीका अभिभावकलाई जीविकोपार्जनको आधार तयार गरिदिनुपर्ने आवश्यकता छ ।’ हुन त यादवले विद्यालयको भौतिक अवस्था सुधारमा मात्रै ध्यान दिएका छैनन् । गुणस्तरीय शिक्षाका लागि सहकर्मीसँगै आफू पनि अहोरात्र खटिरहेका छन् । त्यसैको परिणामस्वरुप गत वर्षसम्म सो विद्यालयबाट उत्तीर्ण १२ जनाले लोक सेवा र चार जनाले शिक्षक सेवामा नाम निकालेका छन् । विद्यालयको शैक्षिकस्तर माथि उठाउन उनको अधिकांश समय विद्यालयमै बित्छ । त्यसक्रममा विद्यालयका सहयोगीदेखि सहकर्मीसम्म, विद्यालय व्यवस्थापन समितिदेखि समाजका अगुवाहरुसँग विद्यालय सुधारका योजनाबारे छलफल गर्छन् । त्यही छलफलको निष्कर्ष स्वरुप प्रविधिमैत्री शिक्षण सिकाइ, स्मार्ट बोर्ड, प्रोजेक्टरजस्ता विद्युतीय सामग्रीको प्रयोग, त्यसका लागि शिक्षकलाई १५ दिने तालिमजस्ता कार्य अगाडि बढेका छन् ।

बरियारपट्टी गाउँपालिकाका अध्यक्ष सन्तोषकुमार महतो प्रअ यादवले विद्यालयको सुधारका लागि बनाउने सम्पूर्ण योजनामा आफूहरुको भरपुर सहयोग रहने बताउँछन् । ‘उनको लगाव देखेर हामी पनि उत्साहित छौँ । सबैको सल्लाहअनुसार चालु आर्थिक वर्षमै स्नातकसम्म स्तरोन्नति गर्न रु एक करोड बजेट विनियोजन गरिएको छ’ उनले भने । वरिष्ठ पत्रकार रामरिजन यादव पनि सिरहाको दक्षिणी भेग र विशेषगरी हुलाकी सडक क्षेत्रको शिक्षा सुधार गर्न प्रधानाध्यापक यादवको पहलकदमी र योगदानबाट आफू पनि निकै प्रभावित भएको बताउँछन् ।

‘उनी राजनीतिक चेत भएको एक कुशल शिक्षक हो, त्योभन्दा बढी शिक्षाप्रति उनको एक प्रकारको ‘पागलपन’ छ, त्यसले बरियारपट्टिको यो क्षेत्रमा शिक्षा बलियो जग बसाल्न भूमिका खेलेको छ’, यादव भन्छन्, ‘यहाँका अभिभावक, बुद्धिजीवी तथा अगुवा व्यक्ति सबैसँग समन्वयगरी अगाडि बढ्ने उहाँको बानिले हामीलाई पनि सहयोग गर्न बाध्य बनाएको छ ।’

यादव अवकाश हुन अब चार पाँच वर्षमात्रै बाँकी छ । त्यसअघि उच्च माविलाई क्याम्पस बनाएर गुणस्तरीय शिक्षाको जग बलियो बनाउने उनको सपना छ । इमान्दार प्रयत्न गर्दा जुनसुकै पेसा पनि राम्रो हुने धारणा राख्ने यादव राजनीति भने शिक्षण पेशाभन्दा कठिन रहेको बताउँछन् ।

सामाजिक चेतना, शैक्षिकस्तर र जागरणका हिसाबले पहिलेको राजनीति तुलनात्मक रुपमा सहज भए पनि अहिले थप जटिल बन्दै गएकाले राजनीति छोड्दा कहिल्यै पछुतो नलागेको उनले बताए ।

मधेश प्रदेश सरकार
खेलकुद तथा समाज कल्याण मन्त्रालय
व्यावसायिक तथा सीप विकास तालिम केन्द्र
जनकपुरधाम, धनुषा
प्रशिक्षार्थी भर्ना सम्बन्धी अत्यन्त जरुरी सुचना
सुचना प्रकासित मिति २०८१।०१।२५ गत

मधेश प्रदेश सरकार खेलकुद तथा समाज कल्याण मन्त्रालय व्यावसायिक तथा सीप विकास तालिम केन्द्र जनकपुरधाम, धनुषाको वित्तिय सहयोगमा जानकी टेक्निकल ट्रेनिङ्ग सेन्टर प्रा.लि. द्धारा द्वारा आ.व.०८०।०८१ मा सञ्चालन हुन लागेको निम्न विषयहरुको तालिम तालिम सिक्न चाहने ईच्छुक नेपाली नागरिकहरुले तपसिल बमोजिमका कागजातहरुका साथ आवेदन दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं | तालिमको विषय | अवधी | योग्यता | तालिम संचालन हुने स्थान | सम्पर्क व्यक्ति र फाराम पाईने स्थान |
|---|---|---|---|---|---|
| १ | सटरिङ्ग कारपेन्टर | ३२ दिन १६० घण्टा | साधरण लेखपढ | जनकपुरधाम उप महानगरपालिका,धनुषा | गरिमा साह ९७०६८३७३९३ |
| २. | सटरिङ्ग कारपेन्टर | ३२ दिन १६० घण्टा | साधरण लेखपढ | पिपर गा.पा.,महोत्तरी | राजेश्वर महतो ९८२५८८९७३३ |
| ३. | सटरिङ्ग कारपेन्टर | ३२ दिन १६० घण्टा | साधरण लेखपढ | सिरहा न.पा.,सिरहा | मकेश्वर झा ९८०७७७१३२४ |
| ४. | सटरिङ्ग कारपेन्टर | ३२ दिन १६० घण्टा | साधरण लेखपढ | कविलासी न.पा.,सर्लाही | सचिन कुमार मण्डल ९८०७६४५३६२,९८४४००५९४२ |
| ५. | सटरिङ्ग कारपेन्टर | ३२ दिन १६० घण्टा | साधरण लेखपढ | विदेह न.पा.,धनुषा | नन्द किशोर मण्डल ९८२४८०४०३२ |

आवश्यक कागजातहरु :- नागरिकता प्रमाण-पत्रको प्रतिलिपि ,३ प्रति पासपोर्ट साईजको फोटो ,
उमेर :-१८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।
फाराम भर्ने अन्तिम मिति: :- २०८१।०१।३१ गते
अर्न्तबार्ता मिति :-२०८१।०२।०१ गते विहान १० : बजे देखि
सम्पर्क व्यक्ति र फोन नं :-
तलिम शुरु मिति :- २०८१।०२।०२ गते

सम्पर्क
**जानकी टेक्निकल ट्रेनिङ्ग सेन्टर प्रा.लि., जनकपुरधाम**
सम्पर्क नं. ९७०६८३७३९३

**जे बन्न खोजिरहेका थियौ, अझै केही ढिलो भएको छैन ।**
–जर्ज एलियट

## सम्पादकीय

# मधेशसँग बेमतलबी ?

*मधेशी जनअधिकार फोरम हुँदै जनता समाजवादी पार्टी (जसपा) नेपाल निर्माणमा जुटेका उपेन्द्र यादव अन्ततः पार्टी विभाजनको सिकार भएका छन् । यो बीचमा उनले अनेक पार्टीसँग एकता गर्दै नेताहरु एकठ्ठा गर्दै अघि बढेका थिए । तर आफ्नै जिल्लाका नेताहरु र अझ उपेन्द्र यादवसँग सामीप्यता भएका भनिएका र यादव समूहकै सदस्यहरु पनि उनीलाई छाडेर हिँडे । पार्टी राष्ट्रिय बनाउनुका साथै सांसदहरु जोडजाड गरेर प्रदेश सरकारसँगै केन्द्रमा पनि उपराष्ट्रपतिसहित मन्त्री पाएको दल एकाएक टुक्रिएर कमजोर बन्नु पर्ने राजनीतिक प्रतिशोधको सिकार जसपा भयो । तत्काल देखिने गरी उपेन्द्र यादव यो प्रहारमा घाइते पारिए–बनाइए । यसपछि मधेशमा पकड बनिरहेको मधेश प्रदेश सरकारबाट पनि जसपा नेपाललाई बहिर्गमनको अभ्यास शुरु भएको छ । यो अभ्यासमा सबैभन्दा बडी बल उनकै पार्टीबाट विद्रोह गरेर गएकाहरुले गर्नेछन् । मधेश सरकार राम्रोसँग चलाउन नसक्नु मुख्यमन्त्री र उनको मन्त्रिपरिषद् अझ जसपा नेपालको असफलता हो । तर केन्द्रदेखि मधेशसम्म जसपा नेपाललाई बदनाम गराउने काममा यतिखेर भने पक्कै जतातत्तै उपेन्द्र यादवमाथि प्रहार हुने पक्का छ ।*

*राजनीतिक हिसाबले मधेशी शक्ति बलियो बन्दै केन्द्रीय राजनीतिमा पनि हैसियत बनाउने अवस्थामा पुगेको थियो । यसमा जसपा अहिले पहिलो शक्ति बनेको थियो । जसपाभित्र अनेक गडबडी थिए । तर गडबडी यस्तोसम्म होला भन्ने थिएन । अध्यक्ष यादवले आफ्ना निकटकालाई मौका दिँदा उनीहरुले पार्टी र नेता कार्यकर्ताको हित चिताउने काम गरेका थिएनन् । यसको बलियो उदाहरण हेर्न अन्त जानै पर्दैन । मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादव र अर्थमन्त्री सञ्जय यादव काफी छन् । यी दुई पात्रका कारण मधेशमा अर्को पटक भोट माग्नै नसकिने अवस्था बन्यो भनेर अध्यक्ष उपेन्द्र यादवलाई रिपोर्टिङ र ब्रिफिङ भइसकेको थियो । पार्टी महाधिवेशन जनकपुरधामा गर्ने अवस्थामा पार्टी विभाजनको चोटले जसपा नेपाल आहत भएको छ । जबकि अध्यक्ष उपेन्द्र यादव चैँ अहिले पार्टीमा लागेको घाउचोट सबैको भर्पाइ पार्टी महाधिवेशनपछि गर्ने भन्ने मनस्थितिमा रहेको बुझिन्छ । मधेशमा योजना बेचबिचख र कमिसनको मोहमा उपेन्द्र यादवकै नाममा मुख्यमन्त्री र मन्त्रीले गरेको बदमासीबारे पनि बग्रेल्ती छलफल नभएको होइन । तर धैर्य गरेर सबैको माग पूरा गर्ने भन्दाभन्दै पार्टी विभाजन भइसकेको छ । झट्ट हेर्दा जसपा विभाजन देखिएको छ । तर मधेश आन्दोलनबाट उदाएको पार्टीमाथि सबैको प्रहार, पार्टीभित्रैबाट आक्रमण, उपेन्द्र यादवको तेजोबधमा सबैको सक्दो मेहनतले मधेशप्रति केही न केही बेमतलबी पनि देखिन्छ । उपेन्द्र यादव र उनले जिम्मा दिएका मुखियाहरु खराब थिए त महाधिवेशन नजिक थियो, त्यहीँ बसेर विद्रोह गर्न पनि सकिन्थ्यो । भला नेकपा एमालेमा भीम रावल नगन्यमा पुगेका छन् । तर उनले त्यही पार्टीमा गरेको मेहनतले आज उनी पार्टीमा भूमिकाविहीन भए पनि राष्ट्रवादी र राष्ट्रिय नेता भएका छन् । सत्ता नै ठूलो कुरा होइन, एक छाक दालभात, एक थान मन्त्री र एउटी श्रीमतीलाई 'टिकाराम (समानुपातिक) सांसद' बनाउन पार्टी नै विभाजनसम्मको हर्कत अहिले त ठीक होला, कालान्तरमा यो संक्रमणले फोर्नेहरु नै फेरि फोरिन्छन्, त्यसमा अहिले धेरै अड्कलबाजी नगरौँ । किनभने अहिले उपेन्द्र यादव खराब देखाएर पार्टी विभाजनको मक्सद यतिमा सीमित छैन, यसको अन्तर्य अरु नै छ । कालान्तरमा देखिँदै जानेछ ।*

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ । मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ । पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौँ । लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला । लेखरचना एक हजार पाँच सय शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौँ । हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

## कार्यक्रम आयोजकमा अनुरोध

मधेश प्रदेशका ८ जिल्लामा हरेक दिन कुनै न कुनै औपचारिक कार्यक्रम भइरहेका हुन्छन् । यहाँको कार्यक्रमको समाचार प्रकाशन हेतु मधेशदृष्टि दैनिकको कार्यालय जनकपुर, भानुचोक (रेडियो जनकनन्दनीसँगै) र वीरगंज (रेडियो वीरगंजसँग)मा या हाम्रो इमेल र ह्वाट्स एपमा आधिकारिक पत्र पठाएर सहयोग गरिदिनु हुन अनुरोध गर्दछौँ ।

सम्पर्कः ९८५५०२१२८१ (ह्वाट्स एप पनि)

इमेलः madheshdristi@gmail.com

# मातालाई सम्मान गर्ने संस्कृति



सञ्जय साह मित्र

जन्म दिनेलाई माता भनिन्छ । अर्थात् त्यो जो कुनै सन्तानलाई जन्म दिन्छ त्यहीँ माता हो । माता हुनको लागि तिनको सन्तान हुनु जरुरी छ परम्परागत अर्थमा । जन्म दिने, सबैबाट रक्षा गर्ने तथा सबै किसिमको त्याग गर्न सक्ने जननी नै माता हो । यसकारण माताको महिमा सबैभन्दा ठुलो मानिएको छ । माता सामान्यतया महिला नै हुन्छ । यसैले जन्म दिने स्त्री वा जननी वा आमा आदि नामले यसलाई सम्बोधन गरिन्छ । साथै, कुनै पूज्य वा आदरणीय आफूभन्दा धेरै उमेरकी महिलाको लागि प्रेम वा सम्मानको सम्बोधन पनि हो पनि माता शब्द । हाम्रो संस्कृतिमा गाईलाई पनि माता मानिएको पाइन्छ । यसै गरी आकाश, भूमि, खेती र अन्य जीवलाई पनि माता भनिएको पाइएको छ । यसबाट माता हुनको लागि एउटा ठुलो सम्मान प्राप्त गर्नु हो भन्ने पनि स्पष्ट हुन आउँछ ।

भनिन्छ, माता अपरिभाषेय छ अर्थात् मातालाई कुनै परिभाषामा बाँध्न सकिन्न । सबै परिभाषा र सबै भावना तथा भावभन्दा माथि आमा अर्थात् माता हुन्छ । यसैले यदि कसैलाई वा केहीलाई महान् शब्दले सम्बोधन गर्नुपर्‍यो भने माताको संज्ञा दिइन्छ । यही कारण कुनै महान् वा शक्तिशाली देवीलाई तिनको नामको अगाडि वा पछाडि माता शब्दको प्रयोग गरिन्छ । यसैले हामीले हाम्रो संस्कृतिमा मान्ने मुख्य देवीहरुको नामसँगै माता शब्द जोडिएको हुन्छ । माताको महिमा महान् भएकैले सबैभन्दा सहनशीलको सन्दर्भमा धरतीलाई पनि माता भनिएको पाइन्छ ।

हाम्रो संस्कृतिमा मातृशक्तिको महानता मानिएकोले हाम्रो संस्कृतिलाई महान् मानिएको छ । मातासित सम्बन्धित विभिन्न धार्मिक उत्सव तथा विभिन्न मेलाहरु लाग्ने गर्दछन् । मातासित सम्बन्धित विभिन्न धार्मिक स्थलहरुको निर्माण गरिएको छ । विश्वका विभिन्न शक्तिपीठहरुमा माता स्वरुपकै पूजा हुने गर्दछ । हाम्रा धेरै चाडपर्वहरुमा माता मानेर प्रसिद्ध देवीहरुको पूजा हुनुमा पनि माताको स्वरुप झल्किन्छ । अनि माताको लागि विशिष्ट दिन पनि हाम्रो संस्कृतिले राखेको छ ।

मातासित जोडिएको विशिष्ट दिन हो मातातीर्थ औँसी । बैसाख महिनाको कृष्ण पक्षको अन्तिम दिन अर्थात् तिथिले पन्ध्रौँ तिथिलाई मातातीर्थ औँसी भनिएको हो । यस दिनलाई नेपाली संस्कृतिमा आमाको मुख हेर्ने दिन पनि भनिएको पाइन्छ । कतिपयले आमाखाने औँसी पनि भन्दा रहेछन् अर्थात् आमालाई सम्भव भएसम्म मिठो खानेकुरा खुवाउने वा आमालाई सम्मन गर्ने दिनको रुपमा यस दिनलाई लिइएको पाइन्छ । यस दिनले आमाको सम्मान गर्ने संस्कृतिलाई अझ विस्तार गरेको छ । आमालाई सम्मान गर्ने तरिका पृथक हुन सक्ला तर आमाको सम्मानको सन्दर्भ भने हार्दिक हुनुपर्छ । जन्म दिनेलाई हार्दिक सम्मान गर्नुपर्दछ भन्ने संस्कृतिलाई विस्तार गर्दै घरभन्दा टाढा रहेका वा आमासँगै बस्न नपाएकाले पनि कम्तीमा यस दिन आमासित भेटेर तिनका दुःखसुखका कुरा सुनेर सम्भव भएसम्म समाधान गर्नुपर्ने संस्कृतिको द्योतको रुपमा आमाखाने औँसी रहेको छ ।

हुन त सबै जीवमा आमालाई सम्मान गर्ने संस्कृति हुनुपर्छ । के देखिन्छ भने सबै जीवमा आमाले सन्तानलाई असाध्यै माया गर्छिन् । आमाले जन्माउने र पालनपोषण गर्नुका साथै विभिन्न किसिमले रक्षा गर्ने काम पनि आमाले गरेको पाइन्छ । जीवनदात्री माताले नै सन्तानलाई उत्तम र चरम सुरक्षा तथा सुख प्रदान गर्न सक्ने हुनाले हाम्रो संस्कृतिले भनेको छ – माता कुमाता कहिल्यै हुन सक्दैन । बरु पुत्र कुपुत्र हुन सक्ला तर माता कुमाता हुन सक्ने कुराको कल्पना पनि गरिएको पाइन्न । यो हिन्दू संस्कृतिमा मात्र नभएर सम्पूर्ण मानव संस्कृतिमै देखिएको यक्ष सत्य हो । मानव र अझ सबै जीवजन्तुमा माताले सन्तानको लागि गर्ने गरेको त्याग तथा निस्वार्थ सेवाले मातालाई सर्वत्र र सर्वयुगमा महान बनाएको हो । हो, आधुनिक युगमा माताको महत्वलाई कतिपय सन्तानले बिर्सेको पाइन्छ तर माताले आफ्नो सन्तानलाई कहिल्यै बिर्सने कल्पनासम्म गर्न सकिन्न ।

माताप्रतिको सम्मान समाजमा पृथक रुपमा पनि रहेको छ । माता हुनुलाई गर्व र गरिमाको रुपमा पनि समाजमा लिइएको पाइन्छ । यसको ज्वलन्त उदाहरण यसरी मान्न सकिन्छ । यदि कुनै युवतीको मानौँ पच्चीस वर्षको उमेरसम्म विवाह भएको छैन भने उनलाई सितिमिति कसैले केही भन्दैन तर यदि बिस वर्षको उमेरमा विवाह भएको छ र पच्चीस वर्षको उमेरसम्म आमा बनेकी छैनन् भने तिनलाई धेरैले कहिले आमा बन्ने, किन आमा नबनेको वा आमा बन्नमा के कस्तो समस्या रहेको छ ? आदि किसिमका प्रश्नहरु सोध्न सुरु गर्छन् । जुनसुकै उमेरमा विवाह गरेको भए पनि यदि दश वर्षसम्म आमा नबनेको, बन्न नपाएको वा बन्न नसकेको विवाहिता छन् भने तिनलाई सबैले प्रश्न गर्नुका साथै कतै आमा बन्न नपाउने हो कि भन्ने शंकाको दृष्टिले हेर्न थाल्दछन् । अझ कतिपयले त सल्लाह पनि दिन थाल्दछन् कि आजभोलि आमा बन्नको लागि गाह्रो छैन । विज्ञान र प्रविधिले धेरै विकास गरिसकेको छ । अस्पतालमा गएर आमा बन्नको लागि कुनै कमजोरी छ कि भन्ने कुरा जाँच गराउनु उचित हुन्छ वा जानकारी छ भने अहिले चलेको वैज्ञानिक तरिका अपनाएर आमा बन्न सकिन्छ । अथवा, कुनै कारण आमा बन्न नसकेको तर विवाह भएको करिब दश वर्ष बितिसकेको छ भने यस प्रकारको महिलाको मनमा पनि आमा बन्न ढिलो भइसकेको भनेर लाग्दोरहेछ । यदि कुनै जोडीको विवाह भएको एक वर्षमा नै सन्तान जन्म लिन्छ भने त्यस्तो जोडीको घर र माइत दुवैतिर अलग्गै खुसी हुन्छ । साँच्चि कतिपय अवस्थामा आफ्नो खुसी वा रहर नभए पनि आमा बुबाको खुसीको लागि वा तिनीहरुको रहर पूरा गर्न पनि आमा बन्नु पर्ने रहेछ । समाजको इच्छा वा प्रचलन वा संस्कृतिलाई मान्न पनि आमा बन्नु उचित मानिंदो रहेछ । यही दृष्टिकोणले अहिले पनि सामाजिक परिस्थिति यस्तो छ कि आमा बन्नु गौरव र गरिमाको पक्ष कहलिन पुग्छ । आमा बन्नुलाई भाग्यको प्रतीक मान्ने गरिन्छ ।

हरेक समाज र संस्कृतिमा मातालाई सम्मान गर्ने प्रचलन हुनुपर्छ । मेरो संस्कृतिमा मातालाई सर्वदा सर्वोच्च स्थान दिइएको छ । यसकारण सानोतिनो गाउँ भए पनि जहाँ मेरो संस्कृतिको विस्तार छ, सबै ठाउँमा अन्य देवदेवीको भन्दा अति र अनिवार्य रुपमा माई वा भगवती वा यस्तै नाममा एउटा मन्दिर वा गहबर अवश्य रहेको छ । मेरो संस्कृतिमा माताबिना कुनै काम नहुने कल्पना गरिएको छ । कुनै महान् यज्ञ हुँदा पति र पत्नी बस्नुको अर्थ हो घरको अभिभावकको नेतृत्व हुनु जसमा महिला र पुरुष अर्थात् माता र पिता दुवैको सम्मान छ । माताको पूजा बिना कुनै पूजा सम्भव हुँदैन, सम्पन्न हुँदैन । मातृ संस्कृतिकै बाहुल्य छ । साँच्चिकै यदि संस्कृतिको अन्तर्य विचार गर्ने हो भने महिला अर्थात् माताबिना कुनै संस्कृति र संस्कार सम्पन्न हुन्छ ? यदि कसैले आफ्नो वीरता बखान गर्दछ भने त्यस वीरताको गाथामा माताको योगदान कति छ भनेर प्रश्न गर्ने हो भने माताको बारेमा नकारात्मक भाव कहिल्यै कसैको मनमा आउँदैन । यदि आउँछ भने त्यो मेरो संस्कृतिको सुसंस्कृत वीर चाहिँ होइन किनभने हरेक माताको त्याग र शुभेच्छाले नै हरेक मानिस आफ्नो क्षेत्रको वीर बन्न पुगेको हुन्छ । माताको आशीर्वाद नै सन्तानको लागि काफी हुन्छ । यसैले यो भन्ने गरिन्छ कि माता जहिले पनि कुनै भगवान् वा ईश्वरसित तुलना गर्न योग्य हुन्छिन् । माता आफैँमा महान हुन्छिन् ।

जहाँ ममत्व तथा प्रेम र त्यागको उच्च समर्पणको महत्व बखान हुन्छ त्यहाँ माताको स्थान सर्वोच्च हुन जान्छ । यस परिवेशमा कसैले जिउँदो देवीको साक्षात स्वरुपको चर्चा गर्दछ भने त्यहाँ केवल माताको स्थान सर्वप्रथम हुन आउँछ । माताप्रति अर्पण गरिने भावले कहिल्यै पूर्णता किन पाएको हुँदैन भने माताको प्रेम सन्तानको लागि कहिल्यै पूरा भएको हुँदैन । सन्तान जुनसुकै ठुलो पदमा पुगोस्, अरुको नजरमा जस्तो सुकै महान् बनोस् तर जब माताको अगाडि पुग्दछ वा जब माता अगाडि आउँछिन् तब सन्तान स्वतः त्यहाँ सानो भइहाल्छ । अझ माताको चरणस्पर्श गर्दा, कुनै ठुलो मानिस अझ आफूलाई ठुलो भएको महसुस हुन्छ । माताबाट निरन्तर आशीर्वादको अपेक्षा सन्तानले गरिरहेको हुन्छ । सन्तानको लागि माताको हात आशीर्वादको लागि जहिले पनि उठिरहेको हुन्छ अर्थात् माताको आशीर्वादको हात र साथले सन्तान धन्य भइरहेको हुन्छ ।

अरु दिन जे जस्तो व्यस्तता भए पनि आजको दिन माताको दर्शन गरौँ । सम्भव हुन्छ भने माताको दुःख र सुखको कुरा सुनौँ । आज आमाखाने औँसी भनेर मुख्यतः पहाडी समुदायमा चलेको दिन हो तर मधेशी समुदायले पनि यसलाई सोहीअनुसार विस्तारै लिन थालेको छ । संस्कृति र धर्म बुझ्नेले पनि विस्तारै यसलाई आत्मसात गर्दै लगेको छ । यस अर्थमा यस दिन आमालाई मन पर्ने वा आमाको स्वास्थ्यको अनुकूल कुनै सामग्री हुन्छ भने त्यो लगिदिऔँ । सन्तानलाई देख्नासाथ खुसी हुने आमा अझ विशेष दिन बनाइदिँदा आमाको मनमा दोहोरो खुसी हुनु स्वाभाविक हो । माताको चरणस्पर्श गरी माताको अनुहारमा उज्यालो ल्याउने काम गरौँ । आजको दिनलाई माता दिवसको रुपमा मनाउँदा केवल हामीले मात्र मानिरहेका छैनौँ, यस किसिमको संस्कृतिको हस्तान्तरण पनि गरिरहेका छौँ । सकारात्मक संस्कृतिको विस्तार गरिरहेका छौँ जुन अहिलेको आवश्यकता पनि हो । माताको सम्मानमा एक दिन माता सम्मानमय बनाऔँ ताकि हाम्रो संस्कृतिको मातृ महत्ता विश्वले पनि बुझोस् ।

# लैङ्गिक र समावेशी बजेटको खोजी



अमृता अनमोल



अहिले वैशाख महिना चलिरहेको छ । नेपालको संविधान २०७२ ले आगामी वर्षका लागि जेठ १५ भित्र सङ्घ, असार १ गतेभित्र प्रदेश र असार १० गतेभित्र स्थानीय तहको बजेट ल्याइसक्नुपर्ने मादण्ड तोकेको छ । त्यही मापदण्डअनुसार तीन तहकै सरकारले आउँदो आर्थिक वर्षका लागि नीति कार्यक्रम र बजेट बनाउन योजना तर्जुमाको काम सुरु गरेका छन् । सरकारहरुले कस्ता नीति कार्यक्रम ल्याउँदैछन् ? तिनका आधारमा कस्तो बजेट बनाउँदैछन् ? परम्परागत छन् कि केही फरक ? लैङ्गिक उत्तरदायी र समावेशी छन् कि असमावेशी ? नागरिकको ढोका अगाडिको सरकार हो स्थानीय तह । जहाँ सर्वसाधारण नागरिक पनि सहजै पुग्न, आफ्ना समस्या र आवश्यकता राख्न सक्छन् । त्यसैले योजना तर्जुमामा बस्तीस्तरदेखि वडा हुँदै लक्षित समुदायसम्म कस्ता नीति र कार्यक्रम ल्याउने भन्ने छलफल गर्ने र सुझाव माग्ने कामको जिम्मा स्थानीय तहलाई दिएको छ । ढोका अगाडिका स्थानीय सरकारले कसलाई केन्द्रमा राखेर कस्तो बजेट ल्याउँदै छन् ? त्यसमा आम नागरिकले थप निगरानी गर्न जरुरी छ ।

पहुँचबाट टाढा रहेका नागरिकलाई विकासको मूल धारमा ल्याउन छुट्टै विकास चाहिन्छ । त्यसका लागि लैङ्गिक तथा समावेशी विकास बजेट बनाउनु पर्छ । पहुँच बिहिनलाई विकासको मूलधारमा ल्याउन भन्दै नेपालमा आर्थिक वर्ष २०६४÷६५ देखि लैङ्गिक उत्तरदायी बजेट कार्यान्वयनमा आएको हो । त्यसबेलादेखि लक्षित वर्ग तोकेर कुल विकास बजेटको ३५ प्रतिशत बजेट छुट्याउन सुरु भयो । सङ्घ र स्थानीय तह दुवैको विकास बजेटमा १० प्रतिशत महिला, १० प्रतिशत बालबालिका र १५ प्रतिशत जनसङ्ख्याका आधारमा दलित, जनजाति, अल्पसङ्ख्यक, ज्येष्ठ नागरिकलगायतका क्षेत्रमा विनियोजन हुन्थ्यो । उक्त बजेटले लक्षित वर्गको प्रत्यक्ष फाइदा हुने योजना, उत्थान तथा सीप र क्षमता विकासका कार्यक्रम गरिन्थे । त्यसअनुसार काम नभए साबिक स्थानीय निकायको बजेट कटौती हुन्थ्यो । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले लैङ्गिक उत्तरदायी बजेट हुनुपर्ने र बजेटमा लक्षित वर्गलाई प्राथमिकता दिनुपर्ने उल्लेख गरेको छ । तर, उक्त बजेट कति हुनुपर्ने सीमा तोकेको छैन । सीमा हटाइएपछि स्थानीय तहमा लैङ्गिक र समावेशी बजेट काटिएको छ । सीमा नहुनु भनेको पाउँदै आएको बजेट काट्नु होइन ।

धेरै स्थानीय तहमा बजेट प्रमुख र उप्रमुख वा अध्यक्ष र उपाध्यक्ष लक्षित कार्यक्रम भनेर एकमुष्ठ राख्ने र बाँड्ने गरेका छन् । जनप्रतिनिधिको तजबीजमा बजेट बाड्दा महिला, बालबालिका, पछाडि परेका वर्ग समुदाय एवं सामाजिक समावेशीकरणका मुद्दा ओझेलमा परेका छन् । समावेशी विकासका कतिपय चालु योजनासमेत रोकिएका छन् । यसले मानव विकासको सूचकाङ्कमा असर देखिएको छ । वर्गीय विभेद् हुनु, विकासमा सबैको समान पहुँच नहुनु, लैङ्गिक र समावेशी विकास नहुनु, बजेटमा लक्षित वर्ग छुट्नुले मानव विकास सूचकाङ्क अपेक्षाकृत रुपमा नसुध्रिएको हो । यसर्थ विकासबाट टाढा रहेका लैङ्गिक र सिमान्तकृत समुदायको हितका लागि लैङ्गिक उत्तरदायी र समावेशी बजेट बनाउन दबाब सिर्जना गरिनुपर्छ ।

लैङ्गिक उत्तरदायी बजेट बनाउँदा महिला र पुरुषका लागि अलग अलग बजेट नै चाहिन्छ भन्ने होइन । बजेटका सबै उपलब्धिमा महिला र पुरुषको सन्तुलित सहभागिता र लाभ खोज्ने प्रक्रिया हुनुपर्छ भनिएको हो । लैङ्गिक समानताका लागि बजेटको सुनिश्चित, बजेटका सबै प्रक्रियामा लैङ्गिक मूलप्रवाहीकरण र उपलब्धिको समतामूलक वितरण हो । लैङ्गिक विभेद्का कारण अवसरबाट बञ्चित एवं पछाडि पारिएको वर्गलाई समानुपातिक अवसर प्रदान गर्न र तिनीहरुको क्षमता विकास तथा सशक्तीकरणका लागि लैङ्गिकमैत्री एवं लैङ्गिक उत्तरदायी बजेट जरुरी छ । समाजमा रहेका गरीब, महिला, दलित एवं सुविधाविहीन जनजातिलाई केन्द्रविन्दु मानेर उक्त समाजका सम्पूर्ण वर्ग, लिङ्ग र जातजाति एकैथलोमा जम्मा भई आफू र आफ्नो समुदायको विकास गर्न सङ्गठित, समानुपातिक साथै सक्रिय रुपमा सहभागी हुने र उपलब्ध स्रोत, साधन, सेवा सुविधा र अवसरहरुको न्यायोचित ढङ्गले उपभोग गर्न पाउने अनुकूल वातावरण तयार गर्ने प्रणाली र प्रकृया सामाजिक समावेशीकरण हो ।

सामाजिक समावेशी बजेटका लागि पनि सबै समुदायलाई बजेट बाँड्नुपर्छ भन्ने छैन । तर, बजेटका सबै उपलब्धिमा आफ्नो क्षेत्रमा सबै समुदायको सहभागिता र लाभ हुनपर्छ । बजेटले महिलाभित्र पनि समावेशी र सिमान्तकृतभित्र पनि अल्पसङ्ख्यकलाई लाभ पुर्‍याउनुपर्छ । समुदायमा रहेको जातीय, वर्गीय, लैङ्गिक, भाषिक तथा क्षेत्रीय विभेद् अन्त्य गरी सामाजिक न्याय स्थापना गर्न, सामाजिक विखण्डन र द्धन्द सिर्जना हुनवाट समाजलाई जोगाउन एवं बञ्चितीमा परेकाहरुलाई मूलप्रवाहमा ल्याउन समावेशी बजेट जरुरी छ । यसले सामाजिक र आर्थिक विभेद्का कारण सिर्जित द्वन्द्वलाई कम गरी शान्तिपूर्ण विकासमा सघाँउछ ।

अहिले स्थानीय तहमा बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजक भएर काम गर्ने उपप्रमुख वा उपाध्यक्षको जिम्मेबारी छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजक भएर आर्थिक वर्षको नीति तथा कार्यक्रमको प्रस्ताव तयार गर्ने, बजेट सीमाभित्र रही बजेट तथा कार्यक्रमको प्राथमिकीकरण गर्ने, बजेट तथा कार्यक्रमको प्रस्तावलाई विषय क्षेत्रगत रुपमा छलफल गरी अन्तिम प्रस्ताव कार्यपालिकामा पेस गर्नेसम्मको अधिकार स्थानीय तहका उपाध्यक्ष वा उपप्रमुखलाई दिएको छ । अहिले पाँच सय ३४ स्थानीय तहमा प्रमुख वा उपाध्यक्ष महिला छन् । नागरिकले उनीहरुसँग आफ्नी आमा, दिदीबहिनीलाई जस्तै सहज किसिमले आवश्यकता राख्छन् । बजेटमार्फत आफ्ना दैनिकी सहज बनाउन समस्या समाधान गर्न, न्याय, सुशासन, विकासमा पहुँचको अपेक्षा राख्छन् । यस्तो काममा धेरै महिला उपप्रमुख वा उपाध्यक्षले निर्धक्क काम गरेको भने पाइँदैन । उनीहरु प्रमुख वा अध्यक्षको छायाँमा छन् । कतिपयमा अध्यक्ष वा प्रमुख, प्रमुख प्रशासकीय अधिकृत वा अन्य कार्यपालिका सदस्यले भूमिका सङ्कुचित बनाएको छ । कतिपयमा लैङ्गिकता र समावेशीताप्रतिको बुझाइ नै स्पष्ट छैन । यही कारण लैङ्गिक हिसाबले महिला भएपनि धेरै उपप्रमुख वा उपाध्यक्षले ऐनले दिएका जिम्मेवारी पूरा गर्न, सामाजिक विकास, लैङ्गिक समानता लगायतका मुद्धा आवश्यकता अनुसार उठाएका छैनन् । फलस्वरुप लैङ्गिकमैत्री र समावेशीको साटो टाठाबाठाले ल्याएका विकास र भौतिक पूर्वाधारका योजनालाई नै निरन्तरता दिएका छन् ।

स्थानीय तह गठनका बेला गाउँगाउँमा सिंहदरबार घरघरमा विकास भनियो । तर, गाउँकै सिंहदरबार अर्थात स्थानीय तहमा पनि धेरै महिला, बालबालिका, सिमान्तकृत र अल्पसंख्यक समुदायका व्यक्ति बजेट माग्दै पुग्दैनन् । पुगेकाको कुरा सुन्ने फुर्सद पनि धेरै जनप्रतिनिधिलाई छैन । लैङ्गिकमैत्री, समावेशी बजेट र यसमार्फत गरिने सामाजिक विकास भौतिक विकास जस्तो तत्काल मापन गर्न सकिदैन । कामको तत्काल प्रभाव पनि देखिदैन । पहुँचवालाले जस्तो दबाब दिन सक्दैनन् । यसैले धेरैजसो जनप्रतिनिधिहरु लक्षित समुदायका लागि छुट्टिने लैङ्गिक र समावेशी बजेट भनेको खेर जाने बजेट भन्ने मानसिकता राख्छन् । जनप्रतिनिधिको ध्यान पहुँचवाला नागरिकमा छ । सडक, कुलो, पुल, भवन जस्ता भौतिक पूर्वाधार विकासमा छ । योजना निर्माण तथा छनोटमा पनि लैङ्गिक उत्तरदायी र समावेशी बजेट चाहिने लक्षित वर्गको सहभागिता कम हुन्छ । सहभागी हुनेले पनि तर्क राख्न सक्दैनन् । यही कारण पनि स्थानीय तहमा लैङ्गिक र सामाजिक समावेशीकरणको बजेट घटाएको छ । स्थानीय तहमा जिम्मेवार व्यक्ति, विषय विज्ञ र लैङ्गिक संवेदनशीलताको अभाव छ । यसले राम्रा कामको सुरुआत गरेका स्थानीय तहको नीति कार्यक्रम र बजेट पनि लैङ्गिक र समावेशी छैन । लैगिक र समावेशी शीर्षकमा छुट्टाएको बजेट समेत साझा पूर्वाधार विकासमा लगाएका छन् । स्थानीय तहका हरेक वडामा दुई जना महिला सदस्य छन् । त्यसमध्ये एक दलित महिला र एक अन्य हुन् । समावेशी विकासको सिद्धान्तबाट गएका तिनै महिला र सिमान्तकृत प्रतिनिधिले पनि लैङ्गिक र समावेशी बजेट बिर्सेका छन् । हरेक स्थानीय तहमा महिला तथा बालबालिका शाखा छन् । त्यसमा महिला तथा बालबालिका कार्यालयबाट समायोजन भएर गएका महिला कर्मचारी प्रमुख छन् । तर, उनीहरुको पहुँच नीति, बजेट, कार्यक्रम निर्माण र कार्यान्वयनमा छैन । सङ्घीयतामै लैङ्गिक र समावेशी बजेट घट्नु र मुद्दा ओझेलमा पर्नु लाजमर्दो कुरा हो । दिगो विकासको लक्ष्यमा पुग्न र मानव विकास सूचकाङ्क बढाउन लैङ्गिक तथा समावेशी विकास जरुरी छ । लक्षित वर्गले सहज रुपमा आफ्ना आवाज र गुनासो सुनाउन सक्ने स्थानीय तह नै हो ।

स्थानीय तहले उनीहरुको उत्थान र विकासका लागि लगानी घटाउने होइन बढाउनु पर्छ । यसर्थ, लैङ्गिकमैत्री नीति कार्यक्रम र बजेट निर्माणमा उपप्रमुख वा उपाध्यक्षलाई निर्धक्क काम गर्ने अवसर सिर्जना गरिदिनुपर्छ । राजनीतिक दल, जनप्रतिनिधि, कर्मचारी र नागरिक अगुवाले काममा सघाउनुपर्छ । जनप्रतिनिधि राजनीतिक प्रतिनिधि पनि हुन् । संविधानको प्रस्तावनाले नै लैङ्गिकता र समावेशीतालाई समेटेको छ । यसर्थ, सरकारका नीति कार्यक्रम बनाउँदा होस् वा बजेट ल्याउदा लैङ्गिकता र समावेशीताप्रति राजनीतिक इच्छाशक्ति र राजनीतिक प्रतिबद्धता हुनुपर्छ । लैङ्गिक र समावशी बजेट नबनाउने स्थानीय तहलाई प्रदेश र सङ्घले दिने अनुदान घटाउनुपर्छ । प्रदेश र सङ्घले पनि बजेट लैङ्गिक र समावशी बनाउन चुक्नु हुँदैन । रासस

# ‘सञ्चारसम्बन्धी ऐन ल्याउने तयारीमा सरकार’



**रासस**
**काठमाडौँ ।**
सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले सरकार जतिसक्दो चाँडो मिडिया काउन्सिल, सामाजिक सञ्जालसम्बन्धी र आमसञ्चारसम्बन्धी ऐन ल्याउने तयारीमा रहेको बताएकी छन् । यहाँ मंगलबार आयोजित सार्वजनिक सेवा प्रसारणसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकमाथिको छलफलमा आफ्नो धारणा राख्दै सरकारका प्रवक्ता समेत रहनुभएका मन्त्री शर्माले मिडिया काउन्सिल विधेयक राष्ट्रिय सभामा छलफलको क्रममा रहेको र अन्य विधेयक पनि ल्याउने क्रममा रहेको बताएकी हुन् ।

मन्त्री शर्माले ‘सार्वजनिक सेवा प्रसारणसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक’को ६ नं बुँदामा उल्लेख गरिएको परिषद् गठनबारे प्रस्ट पार्दै परिषद्को नेतृत्व सञ्चार मन्त्रालयले नै लिनुपर्नेमा जोड दिइन् । परिषद्को अध्यक्ष सञ्चार तथा सूचना प्रविधिमन्त्री वा राज्यमन्त्री हुने र अन्य सम्बन्धित मन्त्रालयका सचिव र अन्य सम्बन्धित निकायका प्रतिनिधि सदस्य रहने गरी अगाडि बढ्नुपर्ने उनको भनाइ थियो । ‘विधेयक एक ढङ्गले आयो, हामीले विकसित देशको उदाहरण पनि दिइरहेका छौँ, तर हामी हाम्रो सन्दर्भमा छौँ, हामीले अहिलेसम्म पनि सार्वजनिक सेवा प्रसारणको अभ्यास गरेका छैनौँ, धेरै वर्षभयो, यो विधेयक समितिमा छ, राष्ट्रिय सभामा उत्पत्ति भएर यहाँ आएको सन्दर्भ पनि हो, त्यसकारण हामीले अरुको देखासिकी गर्नेभन्दा पनि हाम्रो सन्दर्भमा काम गर्नुपर्ने हुन्छ’, मन्त्री शर्माले भनिन् । सरकारप्रति अविश्वासभन्दा पनि विश्वास गरेर अगाडि बढ्नुपर्ने उनको धारणा थियो । सञ्चार मन्त्रालयका सचिव रामकृष्ण सुवेदीले समग्र कानुनलाई समेट्नेभन्दा पनि रेडियो नेपाल र नेपाल टेलिभिजनलाई गाभ्ने हिसाबले सार्वजनिक सेवा प्रसारण विधेयक ल्याएको उल्लेख गर्दै सञ्चार मन्त्रालयलाई नै विश्वास गरेर जिम्मेवारी दिनुपर्ने धारणा राखेका थिए ।

# सदनलाई बाधारहित सञ्चालन गर्न सभामुखको आग्रह

**रासस**
**काठमाडौँ ।**
सभामुख देवराज घिमिरेले आह्वान गरेको प्रमुख राजनीतिक दलका शीर्ष नेताहरुको बैठकमा प्रतिनिधिसभाको बैठकलाई नियमितरुपमा बाधारहित सञ्चालन गर्ने विषयमा छलफल भएको छ । मंगलबार सभामुखको कार्यालयमा भएको छलफलमा प्रमुख राजनीतिक दलका शीर्ष नेताले सङ्घीय संसद्को काम कारबाहीलाई प्रभावकारी बनाएर जानुपर्ने बताएका छन् । बैठकपछि सञ्चारकर्मीहरुसँग कुरा गर्दै सभामुख घिमिरेले संसद्मा प्रतिनिधित्व गर्ने प्रमुख राजनीतिक दलका शीर्ष नेताहरुसँग छलफल भएको र यो निरन्तरको प्रक्रिया भएको बताएका हुन् ।

सभामुख घिमिरेले भने, ‘विभिन्न समस्या आइरहन्छ, समस्याले सदनलाई अवरोध गर्नु हुँदैन । आज (मंगलबार) को बसाइँ र छलफलले यही वैशाख २८ गतेदेखि सुरु हुने बैठकलाई सहजरुपमा अगाडि बढाउने महत्वपूर्ण आधार तयार पारेको छ ।’ उनले सदनलाई सहजरुपमा सञ्चालन गर्ने दायित्वको राजनीतिक दलको भएकाले ठूला राजनीतिक दल संसद्लाई समस्याको समाधान गर्ने थलोका रुपमा अगाडि बढाउने विश्वास व्यक्त गरे । संसदीय व्यवस्थामा सबै राजनीतिक शक्तिको भूमिका निर्णायक हुने र दलहरुले नै समस्या समाधानका लागि पहल गर्ने सभामुख घिमिरेको भनाइ छ



। उहाँले सदनलाई प्रभावकारी बनाउन सबैको साझा र आ–आफ्नो भूमिका रहने जानकारी दिए ।

बैठकपछि सञ्चारकर्मीसँग कुरा गर्दै उपप्रधानमन्त्री एवं गृहमन्त्री रवी लामिछानेले सहकारी समस्या समाधानका लागि दुरतमार्गमा कानुन निर्माण गर्ने विषयमा सरकारले आवश्यक प्रक्रिया थालिसकेको बताए । कुनै पनि विषयमा प्रश्न उठ्नेबित्तिकै संसदीय छानबिन समिति गठन गरिहाल्नुपर्ने माग उचित नभएको उनको भनाइ थियो । सहकारी क्षेत्रमा देखिएको समस्या समाधानका लागि सरकार गम्भीर रहेको र ठगी प्रकरणमा जोडिएका जिबी राईलगायतलाई पक्राउ गर्न सरकार लागिपरेको उनले बताए ।

बैठकमा नेपाली कांग्रेसले सहकारी प्रकरणका सम्बन्धमा संसदीय छानविन समिति गठन गर्नुपर्ने विषयलाई पुनःदोहोर्याएको छ । नेपाली कांग्रेसका प्रमुख सचेतक रमेश लेखकले सहकारी प्रकरणमा छानबिन समिति गठन गर्नुपर्ने र छानबिन गर्नुपर्ने आफूहरुको धारणा रहेको बताए । ‘हामीले संसदीय छानविन समितिको कुरा राखेको छौँ । हामीले गृहमन्त्रीको राजीनामा मागेका छैनौँ, प्रश्न उठेपछि संसदीय छानबिन समिति बनाउनुपर्छ भन्ने कुरा राखेका छौँ । सरकारले समिति बनाउँछ भन्ने हाम्रो विश्वास छ’, नेता लखेकले भने । नेकपा (एमाले) संसदीय दलका प्रमुख सचेतक महेश बर्तौलाले सहजतापूर्वक सदनको बैठक सञ्चालनका लागि कांग्रेसले सहजीकरण गर्ने विश्वास व्यक्त गरे । गृहमन्त्रीमाथि प्रश्न उठेका विषयमा सदनमा बोल्न दिनुपर्छ र कांग्रेस सुन्न तयार नभएपनि आफ्नो पार्टी सुन्न तयार रहेको नेता बर्तौलाले बताए । सहकारीपीडितबारेमा कुनै कुरा नराखी अरुलाई निषेध गर्ने तरिकाबाट जाने कांग्रेसको तरिका सही नभएकोसमेत उनले उल्लेख गरे ।

राष्ट्रिय स्वतन्त्र पार्टीका प्रमुख सचेतक सन्तोष परियारले सभामुखले आयोजना गरेको बैठकमा महत्वपूर्ण छलफल भएको र समस्या समाधानमा केन्द्रित रहेको बताए । यही वैशाख २८ गतेदेखि सुरु हुन लागेको सङ्घीय संसद्को बैठकलाई प्रभावकारी बनाउने विषयमा छलफल भएको उनले उल्लेख गरे । बैठकमा नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले सहकारीको रकम हिनामिनाका विषयमा उपप्रधान एवं गृहमन्त्री लामिछानेले संसद्मा बोल्न पाउनुपर्ने बताएको प्रमुख सचेतक परियारले जानकारी दिए । बैठकमा प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’, नेकपा(एमाले)का अध्यक्ष केपी शर्मा ओली, नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवालगायत प्रतिनिसभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलका नेताहरुको सहभागिता थियो ।

# राष्ट्रिय सुरक्षाका लागि समन्वय हुनुपर्छः मन्त्री




**रासस**
**काठमाडौँ ।**
रक्षामन्त्री हरिप्रसाद उप्रेतीले मुलुकको अस्मिता र अस्तित्वको रक्षा गर्ने विशेष दायित्व बोकेको निकायका रुपमा रक्षा मन्त्रालयले काम गरिरहेको बताएका छन् । सङ्घीयता सवलीकरण तथा राष्ट्रिय सरोकार समितिको मंगलबारको बैठकमा उनले देशको स्वतन्त्रता, सार्वभौमिकता, अखण्डता, स्वाधीनता, राष्ट्रिय एकताजस्ता महत्वपूर्ण र संवेदनशील विषयमा प्रत्यक्ष सरोकार राखेर कार्य गरिरहेको बताएका हुन् । बैठकमा राष्ट्रिय सुरक्षा नीति, राष्ट्रिय सुरक्षाको अवस्था, रक्षा मन्त्रालयबाट भए गरेका काम कारबाही र भावी कार्य दिशा तथा मातहत सञ्चालित राष्ट्रिय गौरवका आयोजना प्रगति, समस्या समाधानका उपाय समाधानलगायतका विषयमा छलफल भएको थियो ।

रक्षामन्त्री उप्रेतीले भने, ‘गौरवशाली इतिहास बोकेको तथा मुलुक एकीकरणजस्तो प्रशंसनीय कार्य गर्दैआएको नेपाली सेना राष्ट्रिय सुरक्षा विपद् व्यवस्थापनदेखि राज्यले दिएको सबैखाले जिम्मेवारी पूरा गर्न समर्पित भएर लागि परेको छ ।’ राष्ट्रिय सुरक्षा नीति २०७५ सरकारको मूल नीति भएकाले सबै मन्त्रालय र निकायले यसलाई मूल नीति बनाएर कार्य गर्न जरुरी रहेको बताउँदै उनले जुनसुकै राजनीतिक दल र विचार धारा बोक्ने व्यक्ति भए पनि राष्ट्रिय सुरक्षा र राष्ट्रिय हितमा एउटै स्वर र बुझाइका साथ उभिनुपर्नेमा जोड दिए । उनले भने, ‘सुरक्षा बहुआयामिक र अन्तर निकाय सम्बन्धित हो, सुदृढ राष्ट्रिय सुरक्षाका लागि राज्यका निकायबीच समन्वय, साझा बुझाइ र अवधारणा हुनुपर्छ ।’ नेपालका लागि राष्ट्रिय सुरक्षाको विषय धेरै पेचिलो भएकाले राजनीतिक नेतृत्वलगायत प्रत्येकले गम्भीरताकासाथ बुझ्न र गहिरोसँग मनन् गर्न आवश्यक रहेको बताउँदै मन्त्री उप्रेतीले अहिले मुलुकको राष्ट्रिय सुरक्षाको अवस्था केही कमजोर भएजस्तो देखिएको विचार प्रकट गरे । उनले भने, ‘विभिन्न ठाउँमा दिइएको अभिव्यक्ति, बैंकको किस्ता र बच्चाको विद्यालयको शुल्क तिर्न नसक्दा पनि राष्ट्रियताप्रति ललकारेको देखिन्छ । कतिपय अवस्थामा जानेर वा नजानेर आफ्नो मौलिकता, संस्कृति र परम्परामाथि प्रहार गर्ने काम भएको छ ।’

सो अवसरमा प्रधानसेनापति प्रभुराम शर्माले अन्तर्राष्ट्रिय क्षेत्रमा हाल भइरहेको द्वन्द्व र युद्धका घटनाले शक्ति राष्ट्रबीचको ध्रुवीकरणलाई बढाइरहेको बताए । उनले भने, ‘शक्तिराष्ट्रबीचमा प्रत्यक्ष वा परोक्ष द्वन्द्वका कारण बदलिँदो परिस्थिति र होडबाजीले भौगोलिक तथा आर्थिक रुपमा पछि परेका मुलुकलाई सुरक्षा चिन्ता बढिरहेको छ ।’ शक्तिराष्ट्रबीचको द्वन्द्वका कारण नेपाली जनतालाई समेत प्रत्यक्ष असर परेको बताउँदै उहाँले शक्ति राष्ट्रले साना राष्ट्रको सार्वभौमत्ता उपेक्षा गरिहेको बताए । उनले भने, ‘रुस र युक्रेन, इजरायल र हमासबीचको द्वन्द्वले विश्वलाई जटिल र अनिश्चित बनाउँदै लगेको छ, नेपालमा रोहिङ्गा शरणार्थीलेसमेत सामाजिक, आर्थिक र धार्मिक समस्या निम्त्याउन सक्ने सम्भावना रहन्छ ।’ सो अवसरमा प्रधानसेनापति शर्माले अन्तर्राष्ट्रिय, क्षेत्रीय र राष्ट्रिय सुरक्षा अवस्था र चुनौतीका घटनाको विश्लेषण गर्र्दै यस्ता घटनाले क्षेत्रीय सन्तुलन र स्थिरतामा केही न केही प्रभाव पारिरहेको उल्लेख गरे । संवेदनशील भू–राजनीति, खुला सिमाना, जलवायु परिवर्तन, श्रम आप्रवास, साइबर थ्रेड, कृत्रिम बौद्धिकता (आर्टिफिसेल इन्टलिजेन्स) बाट सिर्जित सुरक्षाका चुनौती देखिएको बताउँदै प्रधानसेनापति शर्माले जातीय पहिचानका आधारमा सञ्चालनमा भएका घटना र गतिविधिलाई राजनीतिक दलले पर्गेल्दै लगेको धारणा राखे ।

राष्ट्रिय राजनीति सधैँ तरलरुपमा हुने भएकाले यसप्रति सेना सधैँ चनाखो भएर रहने बताउँदै उनले सामाजिक एकतामा कुनै धार्मिक गतिविधिले खलल पु¥याउन हुन्न भन्नेमा दृढ रहेको बताए । रक्षा मन्त्रालयका सचिव किरणराज शर्माले राष्ट्रिय सुरक्षा भन्नाले केवल भौगोलिक अखण्डता मात्र नभएर राजनीतिक, आर्थिक, सामाजिक, वातावरणबाट परेको प्रभाव, राष्ट्रिय मूल्य मान्यता, संस्कार, संस्कृतिको संरक्षण र सम्वद्र्धन समेतपर्ने बताए । उनले भने, ‘राष्ट्रिय सुरक्षा मुलुकभित्रका शक्ति र संरचनाको साझा जिम्मेवारी हो । संवेदनशील भूराजनीतिमा रहेको नेपालमा हालका दिनमा परम्परागत र नयाँ खाले सुरक्षा चुनौतीलाई जटिल र पेचिलो बनाउन सक्नेतर्फ सचेत र सजग हुनुपर्छ ।’ त्यस अवसरमा काठमाडौँ, तराई–मधेश द्रूतमार्ग (फाष्ट ट्र्याक) को हालसम्मको प्रगति र चुनौतीबारे समितिलाई जानकारी गराइयो ।

उक्त आयोजना प्रमुख सहायकरथी विकास पोखरेलले आयोजनाको हालसम्म भौतिक प्रगति ३३.२० र वित्तीय प्रगति ३३.७१ प्रतिशत रहेको जानकारी दिए । आगामी विसं २०८३ को अन्त्यसम्ममा पूरा गर्ने लक्ष्यकासाथ नेपाली सेनाको व्यवस्थापनमा अघि बढेको आयोजनाको सुरुङ र पुल निर्माण कार्यसमेत लक्ष्यअनुरुप अघि बढिरहेको जानकारी दिइयो । करिब दुई खर्ब ९३ करोड रुपैयाँको लागतमा अघि बढिरहेको उक्त आयोजनाका पाँचवटा सुरुङ यसै आर्थिक वर्षको अन्त्यसम्म छिचोलिसक्ने गरी दुरुतत्तररुपमा काम भइरहेको समितिलाई जानकारी गराइयो । दुरतमार्गका लागि बनाउनुपर्ने ८७ पुलमध्ये ८५ वटा ठेक्का भइसकेकामा पाँच वटा निर्माण भइसकेको जानाकारी दिइयो । त्यहाँ निर्माण हुने विशिष्ट प्रकृतिको उचाइ धरहराभन्दा अग्ला छन् । हाल आयोजनामा करिब ६१ अर्ब ७१ करोड रुपैयाँ खर्च भइरहेको छ ।

# समीकरण फेरिएपछि दलमा विचलन आउनुहुन्नः पोखरेल

**रासस**
**ताप्लेजुङ ।**
नेकपा एमालेका महासचिव शङ्कर पोखरेलले नयाँ राजनीतिक समीकरणबाट सरकार बनेपछि कांग्रेसमा देखिएको विचलन दुःखदायी भएको बताएका छन् । एमाले ताप्लेजुङको १२ औँ जिल्ला अधिवेशनका क्रममा ताप्लेजुङ आउनुभएका महासचिव पोखरेलले मंगलबार यहाँ आयोजित पत्रकार सम्मेलनमा बोल्दै नयाँ सरकार निर्माणपछि कांग्रेसले संसद् अवरोध गर्नु दुःखदायी भएको बताएका हुन् ।

‘नयाँ घटना कुनै केही भएका छैनन्, आफैँले प्रधानमन्त्रीका रुपमा प्रस्ताव राख्ने र त्यही व्यक्ति गृहमन्त्री भएपछि प्रतिशोध साँध्ने जुन प्रकारको नीति नेपाली कांग्रेसको रह्यो, त्यो अत्यन्त दुःखद् छ भन्ने मलाई लाग्छ’ पोखरेलले भने । गल्ती गर्ने व्यक्तिका बारेमा छानबिन हुनु, दण्डित हुनु स्वभाविक भए पनि जिम्मेवार एउटा पार्टीले एकै व्यक्तिलाई कहिले प्रधानमन्त्रीका रूपमा योग्य देख्ने र कहिले गृहमन्त्रीका लागि अयोग्य देख्ने चरित्र हुनु स्वाभाविक नभएको उनको टिप्पणी छ ।

यस्तै जनता समाजवादी पार्टीभित्रको विभाजनलाई उहाँले नयाँ समीकरणको रक्षाका लागि भएको विद्रोहका रूपमा टिप्पणी गरेका छन् । सरकार परिवर्तनका लागि षड्यन्त्र भइरहेको भन्दै उनले त्यसका विरुद्ध सांसदहरूले स्वयम् विद्रोह गरेर समीकरणको रक्षाका लागि अघि बढ्ने प्रक्रिया सुरु भएको बताए । ‘यो समीकरणको रक्षाका लागि अगाडि बढ्ने प्रक्रिया शुरु भएको छ, जनता समाजवादी पार्टीका सात जना सांसदले नयाँ पार्टी खोल्ने भनेर प्रस्ताव प्रस्तुत गर्नुभएको छ, र म ठान्दछु, त्यो सङ्ख्या अझै बढेर जान्छ ।’ लोकतन्त्रमा विधिसम्मत ढङ्गले भएका विभाजनलाई स्वीकार गर्नुपर्ने मान्यता आफूमा रहेको भन्दै उहाँले कानुनले दिएको अधिकारलाई प्रयोग गर्नु स्वभाविक मान्नुपर्ने बताए ।

# नेकपा एसको स्थायी समिति बैठक शनिबार

**रासस**
**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)को स्थायी समिति बैठक यही वैशाख २९ गते हुने भएको छ । बैठकमा आसन्न महाधिवेशनमा प्रस्तुत गरिने राजनीतिक दस्तावेज, विधान दस्तावेज, समाजवादी कार्यक्रमसम्बन्धी दस्तावेज र साङ्गठनिक दस्तावेजमा छलफल गरिने उपमहासचिव एवं प्रचार विभाग प्रमुख जगन्नाथ खतिवडाले जानकारी दिए ।

स्थायी समितिका निर्णयमा थप छलफल गर्न वैशाख ३० गते पोलिटब्यूरो बैठक बोलाइएको छ । दुवै कमिटीबाट आएका सुझाव सङ्कलन गरेर केन्द्रीय कमिटी बैठकमा पेस गरी साझा धारणा बनाउन लागिएको प्रचार विभाग प्रमुख खतिवडाले जानकारी दिए । बैठकले प्रदेश, क्षेत्र र भूगोलको सन्तुलन मिलाएर प्रतिनिधि छनोटका कार्यविधिबारे, सङ्गठन विस्तार तथा पार्टी आधारभूत तहसम्म स्थापित गर्न आवश्यक कार्ययोजनाबारे छलफल गर्ने जनाइएको छ ।

प्रचार विभाग प्रमुख खतिवडाका अनुसार देशभर साङ्गठनिक अवस्था, जनवर्गीय सङ्गठनको कार्य प्रगतिको समीक्षा गरिने बैठकमा सुशासन, जनजीविका, समसामयिक राजनीतिक विषयमा छलफल गरिने छ । पछिल्लो राजनीतिक अवस्था, उपनिर्वाचनको समीक्षासमेत हुने बैठकमा समान विचार राख्ने राजनितिक दल, सङ्घसस्था तथा समूहसँग भएका कार्यगत एकताबारे जानकारी गराइनेछ । आगामी असार १६ देखि २० गतेसम्म काठमाडौँमा पार्टीको दशौँ राष्ट्रिय महाधिवेशन हुँदैछ ।

# सहकारीले बैङ्कभन्दा ठूलो कारोबार गर्दा समस्या आयोः मन्त्री

**रासस**
**काठमाडौँ ।**
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले सहकारी संस्थाहरुले बैङ्कभन्दा बढी कारोबार गर्ने प्रतिस्पर्धा गर्दा समस्या सिर्जना भएको बताएका छन् । नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी सङ्घ (नेफ्स्कुन)ले मंगलबार यहाँ आयोजना गरेको दोस्रो लेखा सुपरीवेक्षण समितिको राष्ट्रिय गोष्ठीमा मन्त्री अधिकारीले सहकारीहरु आफ्नो मूल्य मान्यता र सिद्धान्त विपरीत अस्वस्थ प्रतिस्पर्धामा लाग्दा समस्या सिर्जना भएको बताए । जुन उद्देश्यका साथ सहकारी स्थापना भएका थिए त्यसको खिलाफमा काम भइरहेको उनको धारणा छ ।

'सहकारीहरु बैङ्कभन्दा ठूलो कारोबार गर्ने अभ्यासमा लागे, सहकारीको मूल्य मान्यता विपरीत काम गर्न थाले, बचतकर्ताको बचतलाई दुरुपयोग गर्ने अधिकार कसैलाई पनि हुँदैन, सहकारीमा आबद्धहरुले नै समाधान गर्ने हो, सरकारले सल्लाह दिने हो, यो बाटो जाउ भन्ने हो, सरकारले समस्या समाधान गर्ने होइन', मन्त्री अधिकारीले भने । सदस्यले पनि सबै कुराको जिम्मा सञ्चालकलाई दिन नहुने उनको धारणा छ ।

'शिक्षक, डाक्टर तथा वकिल सबै यो क्षेत्रमा छन्, सर्वप्रथम मेरो कर्तव्य के हो भन्ने बुझ्नुपर्छ, त्यो बुझ्न सकियो भने यो समस्या आउँदैन', मन्त्री अधिकारीले भने । लेखा सुपरीवेक्षण समितिमा पनि खोट रहेको उल्लेख गर्दै उनले अहिलेको समस्या समाधान गर्न अहिलेदेखि नै लाग्न आवश्यक रहेको बताए ।

कार्यक्रममा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव गोकर्णमणि दुवाडीले अर्थतन्त्रको एउटा महत्वपूर्ण खम्बामा धमिरा लागेको धारणा राखे । उनले सहकारी अभियान भुमरीमा परेको बताए । सहकारी विभागका रजिष्ट्रार पिताम्बर घिमिरेले सहकारीको खोल आढेर बदमासी गर्नेलाई कानुनी कारबाही गरेरै छाड्ने बताए । उनले सहकारीको प्रभावकारी नियमनका लागि यही वैशाख मसान्तभित्रै ऐनको मस्यौदा सार्वजनिक गर्ने उल्लेख गर्दै अब सहकारी देखाएर गलत गर्नेलाई कारबाही गरेरै छाड्ने बताए ।

# विद्युतीय चुरोटमा प्रतिबन्ध लगाउने तयारीमा सरकार

**रासस**
**काठमाडौँ ।**
सरकारले विद्युतीय चुरोट (भेप)मा प्रतिबन्ध लगाउने प्रक्रिया सुरु गरेको छ । स्वास्थ्य सेवा विभागअन्तर्गतको राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्रले प्रतिबन्ध लगाउने प्रक्रियामा सहयोग गर्न विभिन्न मन्त्रालयलाई आग्रह गरेको छ । केन्द्रका निर्देशक केशवराज पण्डितले सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, अर्थ मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, भन्सार विभाग र वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागलाई विद्युतीय चुरोटको उपभोग गर्न नपाउने व्यवस्था कार्यान्वयनमा सहयोग गर्न आग्रह गरेका हुन् । सुर्तीजन्य पदार्थ नियन्त्रण तथा नियमन निर्देशिका २०७१ को दफा २८ को उपदफा ४ मा 'कसैले पनि इलेक्ट्रोनिक सिगरेटको उत्पादन, आयात, बिक्री वितरण, सार्वजनिकस्थल र सार्वजनिक यातायातमा उपभोग र सञ्चारमाध्यमबाट प्रवद्र्धन तथा विज्ञापन गर्न पाइने छैन' भन्ने व्यवस्था रहेकाले सोही कार्यान्वयन गर्नका लागि पत्राचार गरिएको उनले बताए ।

केन्द्रका वरिष्ठ स्वास्थ्य शिक्षा प्रशासक डा भक्तबहादुर केसीले अर्थ र सञ्चारमन्त्रायले निर्देशिकामा भएको कुरालाई कार्यान्वयन गर्नसाथ विद्युतीय चुरोटको नेपालबाट प्रतिबन्ध हुने बताए । उनले कतिपयले चुरोटको सेवन छाड्नका लागि विद्युतीय चुरोटको सेवन गर्ने गरेको भन्दै चुरोट जतिकै विद्युतीय चुरोटले पनि स्वास्थ्यमा हानी गर्ने बताए । उनले सुर्ती सेवनको गेट–वेका रुपमा विद्युतीय चुरोट रहेकोसमेत बताए । 'विद्युतीय चुरोटको सेवनले चुरोट खान सिकाउँछ । यसले निकोटिनको लत बसाउने काम गर्दछ' उनले भने, 'त्यसैले विद्युतीय चुरोट सुर्तीजन्य पदार्थ सेवनको गेट–वेका रुपमा रहेको छ ।' विद्युतीय चुरोटले मानिसको मुटु र फोक्सोमा सिधैँ असर गर्नुको साथै मुख जल्ने जस्ता पनि समस्या गराउनुको साथै सेवन गरिरहेको मानिससँगै बसिरहेको अर्को मानिसलाई पनि यसले हानी गर्ने उनको भनाइ छ ।

नेपालमा विद्युतीय चुरोट विभिन्न फ्लेवरमा आउने गरेको छ । ब्लाकवेरी, ब्लुवेरी, मेलन, पाइनापल, गाभा, म्याङ्गो जस्ता फ्लेवरमा आउने गरेको छ । भन्सार विभागको तथ्याङ्कमा गत आर्थिक वर्षमा वार्षिक ३२ लाख २३ हजार छ सय ८७ थान विद्युतीय चुरोटका डिभाइस नेपाल आउने गरेको बताए । तीमध्ये ३१ लाख ७५ हजार आठ सय १५ थान ती विद्युतीय चुरोट चीनबाट मात्र आउने गरेको छ । यस्तै अमेरिकाबाट दुई लाख ६५ हजार ६४०, सयुक्त अरब इमिरेट्सबाट १२ हजार नौ सय ६७ थान आउने गरेका छन् । भारत, बेलायतलगायत देशबाट पनि विद्युतीय चुरोट आउने गरेको छ । केन्द्रका वरिष्ठ स्वास्थ्य शिक्षा प्रशासक डा केसीका अनुसार नेपालमा वार्षिक ३२ अर्ब रुपैयाँ बराबरको विद्युतीय चुरोटको व्यापार हुने गरेको छ । उनले नेपालमा विगत पाँच वर्षमा दुई सय गुणाले आयात बढेको बताए । एउटा विद्युतीय चुरोट १० हजारदेखि १३ हजार रुपैयाँसम्म पर्छ ।

# सर्बियाको भ्रमणअघि राष्ट्रपति सीद्वारा नाटोको आलोचना

**एएफपी**
**बेलग्रेड ।**
चीनका राष्ट्रपति सी जिनपिङले सन् १९९९ मा युगोस्लाभियामा चिनियाँ दूतावासमा भएको बम विस्फोटको आलोचना गर्दै बेइजिङले 'यस्तो दुःखद इतिहासलाई कहिल्यै दोहोरिन अनुमति नदिने' चेतावनी दिएका छन् । कोभिड महामारीपछि युरोपको पहिलो भ्रमणको अर्को विश्राममा सर्बियाली राजधानी बेलग्रेड पुग्नअघि सीले मङ्गलबार सर्बियाली दैनिक पोलिटिकामा उक्त चेतावनी दिएका हुन् ।

उनको भ्रमण सैन्य गठबन्धनद्वारा बम विस्फोटको २५औँ वार्षिकीसँग मेल खान्छ । तीन जनाको मृत्यु हुने गरी भएको उक्त बम विस्फोटका लागि सिआइए म्यापिङ त्रुटिमा दोषी ठहराइएको थियो । 'आजभन्दा २५ वर्षअघि नाटोले युगोस्लाभियामा चिनियाँ दूतावासमाथि गरेको बम आक्रमणमा तीन चिनियाँ पत्रकार मारिएका थिए', सीले पोलिटिकामा लेखेका छन्, 'यसलाई हामीले कहिल्यै बिर्सनु हुँदैन, चिनियाँ जनता शान्ति चाहन्छन् तर यस्तो प्रकारको दुःखद इतिहासलाई कहिल्यै दोहोरिन अनुमति दिनेछैनौँ ।' उनले चीन र सर्बियाबीच 'मजबुत मित्रता' को प्रशंसा गर्दै भने, 'यो हाम्रा देशवासीहरूको रगतले बनेको हो ।'

फ्रान्सको राजकीय भ्रमणपछि सी मङ्गलबार राति बेलग्रेड पुग्नुहुने अपेक्षा गरिएको छ । फ्रान्समा सीले युक्रेन युद्धलायतका विषयमा राष्ट्रपति इम्यानुएल म्याक्रोनसँग छलफल गरेका थिए । उनको युरोपको अर्को भ्रमण सर्बिया र हङ्गेरीमा हुनेछ । सन् २०२२ मा युक्रेनमाथि आक्रमण गरेको रुसप्रति सबैभन्दा धेरै सहानुभूति राख्ने छिमेकी मुलुकमा सर्बिया र हङ्गेरीलाई हेरिन्छ । चीनले सर्बिया र छिमेकी बाल्कन मुलुकहरूमा विशेषरूपमा खानी र निर्माण क्षेत्रमा अर्बौं डलर लगानी गरेको छ । गत वर्ष बेइजिङ र बेलग्रेडले स्वतन्त्र व्यापार सम्झौतामा हस्ताक्षर गरेका थिए ।

# निजी क्षेत्रलाई निरुत्साहित गर्ने काम हुँदैनः मन्त्री

**रासस**
**काठमाडौँ ।**
अर्थमन्त्री वर्षमान पुनले सरकारका तर्फबाट निजी क्षेत्रलाई निरुत्साहित गर्ने काम नहुने स्पष्ट पारेका छन् । बैंक तथा वित्तीय क्षेत्रका प्रतिनिधिसँग आगामी आर्थिक वर्षको बजेटबारे सुझाव लिन मंगलबार मन्त्रालयमा आयोजित छलफलमा मन्त्री पुनले सरकार निजी क्षेत्रको अभिभावक पनि भएकाले ढुक्क भएर लगानी गर्न आग्रह गरे । 'राज्यका निकायले निजी क्षेत्रलाई तर्साउने र निरुत्साहित गर्ने काम गर्दैन' उनले भने, 'सरकारले निजी क्षेत्रलाई प्रवर्द्धन र सहजीकरण गर्ने हो ।'



त्यसअवसरमा मन्त्री पुनले सरकारको आगामी वर्षको नीति तथा कार्यक्रम र बजेटसँग मौद्रिक नीतिको सामाञ्जस्यता कायम गरिने समेत जानकारी दिए । त्यसका लागि नेपाल राष्ट्र बैंकसँग छलफल भइरहेको उनको भनाइ थियो । 'सरकार र नियामक भनेकै राज्य हो । राज्यको उद्देश्य र नीति एउटै हुन्छ' उनले भने, 'नीति तथा कार्यक्रम, वित्त नीति र मौद्रिक नीतिमा सामाञ्जस्यता कायम गरिन्छ ।'

मन्त्री पुनले गत वर्षको तुलनामा यस वर्ष अर्थतन्त्र चलायमान भएको र चालु आर्थिक वर्षभन्दा आगामी वर्ष थप चलायनमा हुने गरी बजेट ल्याउने तयारीमा आफू रहेको बताए । पुनले संविधानले निर्दिष्ट गरेको नीतिभित्र बसेर राज्यका निश्चित उद्देश्य प्राप्तिका लागि सहकार्य गरिने पनि उल्लेख गरे । 'सबैको जोड संविधानले निर्दिष्ट गरेको आर्थिक नीतिभित्र बसेर निजी क्षेत्रलाई प्रवर्द्धन गर्ने, सहजीकरण गर्ने र मनोबल उठाउने गरी काम गर्ने हो' उनले भने, 'त्यसका लागि सरोकारवालाबीचमा छलफल र परामर्श भइरहेको छ ।' उनले अर्थतन्त्रमा राम्रो गरिरहेको नीतिले निरन्तरता पाउने स्पष्ट पारे । मन्त्री पुनले राज्य निजी क्षेत्रको अभिभावक भएकाले निर्धक्कसँग आफ्ना कुरा राख्न निजी क्षेत्रलाई आग्रहसमेत गरे ।

मुलुकको अवस्थितिअनुसारको आर्थिक नीति हुनुपर्ने चर्चा गर्दै मन्त्री पुनले नेपालको भू–राजनीतिक अवस्थितिअनुसार तत्काल प्रवर्द्धन गर्नुपर्ने क्षेत्र सूचना प्रविधि भएको आफूहरुलाई लागेको उल्लेख गरे । 'हाम्रो भू–अवस्थितिअनुसार सूचना प्रविधि क्षेत्रमा केन्द्रित हुँदा त्यसबाट ठूलो संख्यामा रोजगारी सिर्जना हुने र लगानी आउने सम्भावना बढी हुन्छ भन्ने हामीलाई लागेको छ', मन्त्री पुनले भने, 'बजेटमार्फत सूचना प्रविधि क्षेत्रलाई प्रवर्द्धन गर्ने सोच बनाएका छौँ ।' यस्तै बजेटमा ऊर्जा, पर्यटन, कृषि, ठूला र मझौला पूर्वाधार क्षेत्रलाई प्राथमिकता दिइने उनको भनाइ थियो ।

# बालबालिकालाई तेजिलो बनाउन तेक्कान्दो

**रासस**
**सिन्धुली ।**
रातको अँध्यारोले बिहानीको उज्यालो नहुँदै झिसमिसेमा होस् वा बेलुका डुब्दै गरेको पहेँलो घामले साँझसँगै गोधुलीलाई नदेख्दै सिन्धुलीको लोकतान्त्रिक चौरमा बालबालिकाहरु उफ्रिरहेका हुन्छन् । दैनिक बिहान बेलुकाको समयमा उत्साहका साथ उनीहरु तेक्कान्दो खेल सिकिरहेका भेटिन्छन् । खेलले बालबालिकाको सर्वाङ्गीण विकासमा सहयोग गर्ने भएकाले शिक्षित अभिभावकले आफ्ना बालबालिकालाई सानै उमेरदेखि तेक्कान्दो खेलको अभ्यास गर्न पठाउने गरेका छन् । जिल्लाभित्रैका कतिपय ठाउँका बालबालिकाले प्रशिक्षकको अभावमा शुल्क तिरेर पनि तेक्कान्दो खेलको अभ्यास गर्न पाएका छैनन् । खेलमा विशेष रुचि भए पनि विभिन्न समस्याका कारण खेल अभ्यास गर्न पाउने अवसरबाट वञ्चित छन् । तर सिन्धुलीको सदमुकाम सिन्धुलीमाडी क्षेत्रका बालबालिकाले दैनिक निःशुल्क तेक्कान्दो खेलको अभ्यास गर्न सक्छन् । यो अवसर यहाँका बालबालिकाले ३३ वर्षदेखि पाइरहेका छन् ।

कमलामाई नगरपालिका–४ धुराफाँटकी तुलसा श्रेष्ठ यो अभ्यासमा दुई वर्षअघिदेखि नियमित सामेल छन् । बिहान सबेरै घरमा मनतातो पानी पिएर तेक्कान्दो खेल अभ्यासमा निस्कनु हुन्छ । जनज्योति माध्यमिक विद्यालय, फोस्रेटारमा माध्यमिक तहको शिक्षा प्राप्त गरेकी उनी बेलुका विद्यालयबाट पढेर घर फर्केपछि सोही कार्य दोहोर्याछन् । चौरमा पुगेर आफू जस्तै साथीहरुसँग दौडन्छन् । टाउको, आँखा, मुख, घाँटी, औँला, नाडी, कुम, कम्मर, हिप, गोडा र पैतलाको व्यायाम गर्छन् । खेलमा साइज स्ट्रेच, किक एक्सरसाइज लगायत खेलाडीको स्तरअनुसार सत्रुको कल्पनामा गरिने आत्मारक्षाको स्टेपहरु हुन्छन् । उनले यो अभ्यासका लागि बिहानको दुई घण्टा र बेलुकाको दुई घण्टा छुट्याएकी छन् ।



तेक्कान्दो खेलमा हाफ ब्ल्याक बेल्ड प्राप्त गरिसकेकी श्रेष्ठ खेल अभ्यासले आफ्नो क्षमता विकासमा सहयोग गरेको बताउँछन् । उनी भन्छिन्, 'खेल अभ्यासले खेलाडी मात्रै बनाउँदैन, असल खानपानको अभ्यास गराउँछ । समग्रमा असल नेतृत्व क्षमता भएको व्यक्तित्व निर्माण र अनुशासित बनाउन मद्दत गर्दछ । सानातिना आक्रमणलाई प्रतिकार गरेर अगाडि बढ्ने सामर्थ प्रदान गर्दछ ।' खेल अभ्यास गर्र्ने बालबालिका पढाइबाट बचेको समयमा चौरमै भेला हुन्छन् । राम्रो जीवनशैलीका लागि असल व्यवहारका बारेमा प्रशिक्षकको प्रवचन सुन्ने, खेलको अभ्यास गर्ने र अन्य रचनात्मक र सिर्जनशील काममा केन्द्रित हुन्छन् । यसले खराब आनीबानी भएका साथी र गलत सङ्गतबाट बालबालिकालाई जोगाउन सहयोग पुगेको अभिभावकहरुको भनाइ छ ।

कनपा–७ माझीटारकी आकृति माझिकाअनुसार तेक्कान्दोका प्रशिक्षक (कोच) डम्बर आलेले तेक्कान्दो खेलसँगै असल खानपान, असल जीवनशैली, असल व्यवहार, व्यायाम, आचारण र असल सङ्गतका बारेमा पनि सिकाउँछन् । उनी भन्छन्, 'अस्वस्थकर खानपान र जीवनशैलीले हामीलाई विभिन्न रोगले च्याप्छ । बिहान सबेरै उठ्ने, नियमित व्यायाम गर्ने, स्वस्थकर र सन्तुलित खानेकुराहरु मात्रै खाने र हानिकारक तत्वहरुबाट बच्नु पर्छ ।' तेक्कान्दोलाई विशुद्ध खेलमात्र नभए स्वस्थ, तन्दुस्त, निरोगी र फुर्तिलो रहने उत्तम व्यायामका रुपमा लिन्छन्, कमलामाई नगरपालिका–७ सिन्धुलीका स्थानीवासी तथा तेक्कान्दो खेलका प्रशिक्षक (कोच) डम्बर आले ।

विसं २०४८ देखि सिन्धुलीमा निरन्तर निःशुल्क तेक्कादो खेल सिकाउँदै आएका छन् । खेलले स्वास्थ स्वस्थ, निरोगी बनाइराख्न र बालबालिकालाई आँटिलो र तेजिलो बनाने उनी बताउँछन् । उनी भन्छन्, 'कसैले कुनै पनि प्रकारको हिंसा गरेमा प्रतिकार गर्न सक्ने क्षमताको विकास गर्दछ । खेलले शारीरिक, मानसिक स्वास्थ्य स्वस्थ राख्न मद्दत गर्दछ । लागुऔषध दुव्र्यसनी र मोबाइल, इन्टरनेटको लतबाट बचाउनसमेत खेलले सहयोग गर्दछ ।' ध्यान, आत्मरक्षा, आत्मविश्वास, आत्मसम्मान, अनुशासन तथा व्यक्तित्व विकासका लागि बालबालिकाई तेक्कान्दो खेल अभ्यास गराउन उनी सम्पूर्ण अभिभावकलाई सुझाव दिन्छन् । प्रशिक्षक आलेका अनुसार तेक्कान्दो अभ्यास गरेका बालबालिकालाई खेलको अलवा नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना, वन रक्षक जस्तो क्षेत्रमा प्रवेश गर्न सजिलो भएको छ ।

राष्ट्रिय खेलकुद परिषद्ले प्रत्येक विद्यालयमा एक जना खेलकुदका लागि शिक्षक राख्ने नीति लिएको भए पनि प्रभावकारी कार्यान्वयन हुन नसकेको उनको गुनासो छ । कमलामाई नगरपालिकाभित्र रहेका पाँच वटा बोडिङ स्कुलले भने कार्यान्वयनको सुरुआत गरेका छन् । 'तीनै तहका सरकारले खेल क्षेत्रलाई थप व्यवस्थित र विकाससँगै विस्तार गर्न जरुरी छ', प्रशिक्षक आले भन्छन्, 'तेक्कान्दो खेलको विकास र विस्तारले देशमा स्वस्थ नागरिक उत्पादन गर्न महत्वपूर्ण भूमिका खेल्दछ ।' उनले हाल २० वर्षमुनिका ५० जनाभन्दा बढी बालबालिकालाई दिनुहुँ निःशुल्क तेक्कान्दो सिकाइरहेका छन् । अभिभावक अनिता तामाङ तेक्कान्दो खेल तालिममा जान थालेपछि आफ्नो छोरीमा धेरै परिर्वतन आएको बताउँछन् । उनी भन्छन्, 'खेलले बालबालिकालाई हरेक क्षेत्रमा सबल र सक्षम बनाउन सहयोग गरेको छ । असल खानपान, असल व्यवहार र अनुशासित बन्न पनि प्रेरित रहेको छ ।'

निःशुल्क तेक्कान्दो सिक्ने अवसरको बढी लाभ बालिका तथा किशोरीहरुले लिन पाएका छन् । पहिला तेक्कान्दो खेलको अभ्यास गर्ने बालक र किशोर मात्रै हुने गर्दथे । खेलबाट आफ्नो आत्मारक्षा आफैँले गर्न सक्ने क्षमताको विकास हुने बुझाई जनमानसमा विस्तार हुँदै गएकाले पछिल्लो समय तेक्कान्दो अभ्यासमा बालिका र किशोरीको उल्लेखनीय सहभागिता देखिन थालेको छ । बालबालिका मात्रै होइन, मोटोपनाबाट ग्रसितहरुले पनि तेक्कान्दोको सहारा लिएर शरीरलाई सन्तुलनमा राख्न थालेका छन् । सिन्धुलीगढी तेक्कान्दो दोजाङ र जिल्ला तेक्कान्दो सङ्घका अनुसार हाल जिल्लाभर चार सय तेक्कान्दोका खेलाडी छन् ।

# आफूखुसी औषधि सेवन घातक

**रासस**
**काठमाडौँ ।**

काठमाडौँकी एक महिलालाई करिब १० वर्षदेखि जोर्नी दुख्ने समस्याले सताएको थियो । विभिन्न अस्पताल धाउँदै कैयौँ पटक औषधि सेवन गर्दा पनि पीडाले पछ्याउन छाडेन । जति उपचार गर्दा पनि समस्या ज्यूँका त्यूँ भएपछि उनले आफन्तको सल्लाहमा सडकमा बिक्रीका लागि राखिएका जडीबुटीको सेवन सुरु गरिन् । जडीबुटी सेवनपछि उनको दुखाइ अझ बढ्यो । जडीबुटी सेवन गरेको छ महिनापछि जीउ सुन्निने, पेट दुख्ने, दिसामा कालो देखिने समस्या थपियो । अस्पतालमा चेकजाँच गराउँदा आन्द्रामा घाउ भएर अल्सर भइसकेको पत्ता लाग्यो । चिकित्सकले उनलाई जथाभावी औषधिको प्रयोगले शरीरको हार्मोन असन्तुलन बनाउँदा उक्त समस्या देखिएको बताएका थिए । औषधिको असन्तुलित सेवनले सुगर र प्रेसरसमेत बढेको पाइएको थियो । जथाभावी औषधि सेवनबाट पीडित हुनेमा शिक्षण पेसामा आबद्ध ५० वर्षीय पुरुष पनि छन् । पेट दुख्ने बित्तिकै दुखाइ कम गर्ने औषधि सेवन गर्ने बानीले उनलाई कालान्तरमा ठूलो समस्या थपिदियो । उनी पेट दुख्दा कारण पत्ता लगाउनुको साटो मनलाग्दी औषधि सेवन गर्थे । कालान्तरमा शरीरमा थकाइ लाग्ने, छाला चिलाउने, कमजोरी महसुसजस्ता लक्षण देखिन थाल्यो । जाँच गर्दा मिर्गौलाको समस्या देखियो । अवस्था कतिसम्म पुग्यो भने मिर्गौला प्रत्यारोपण नै गर्नुपर्ने अवस्था आइलाग्यो । उनीहरु त प्रतिनिधि पात्र मात्रै हुन् । चिकित्सकका अनुसार उनी जस्ता कैयन बिरामी आफूखुसी वा गैरचिकित्सकको सल्लाहबिना औषधि सेवन गर्दा पछुताउने धेरै छन् । सही ढङ्गले औषधि सेवन गर्न नजान्दा बिरामीले थप पीडा भोग्नु परेका कैयन उदाहरण भएको चिकित्सकहरुको भनाइ छ । विश्व स्वास्थ्य सङ्गठनका (डब्लुएचओ)अनुसार औषधिको गलत भण्डारण, वितरण र सिफारिसले गम्भीर हानि निम्त्याउने गरेको छ । साथै औषधिको अपर्याप्त अनुगमन नगरिएको खण्डमा पनि समस्या बढाउने गरेको छ । कसैले भनेकै भरमा आफूखुसी औषधि सेवनले कालान्तरमा गम्भीर स्वास्थ्य अवस्थामा ल्याउन सक्ने विज्ञहरुको भनाइ छ । यसप्रकारको हेलचेक्र्याइँले थप समस्या निम्त्याउनाका साथै बिरामी अपाङ्ग हुने तथा मृत्युसम्म हुने गरेको देखिन्छ । फिजिसियन डा पुष्पमणि खरालले उच्च रक्तचाप, सुगर, मानसिक रोग, कोलेस्ट्रोललगायत समस्या समाधानका लागि सेवन गरिने औषधि चिकित्सकले जाँचपड्ताल गरेपछि मात्र खानुपर्ने सुझाव दिन्छन् । उनी भन्छन्, 'प्यारासिटामोल, झाडापखालाका औषधिहरु विश्वव्यापी रुपमा नै औषधि पसलमा गएर सिधै नै किन्न सकिन्छ । त्यो ठूलो कुरा भएन तर त्यसबाहेकका औषधिहरु चिकित्सकको सिफारिसबिना सेवन गर्नु हुँदैन । कतिपय अवस्थामा मात्रा मिल्दैन भने कतिपय अवस्थामा गलत औषधि पनि सेवन हुनसक्छ ।' उनी बिरामीले सेवन गर्ने औषधिको मात्रा नमिल्दा मात्रै पनि धेरै समस्या निम्तन सक्ने बताउँछन् । 'कुनै औषधि हामीले आठ घण्टाको अन्तरमा सेवन गर्न दिनुको अर्थ त्यो औषधिले त्यति समय मात्र काम गर्छ भन्नु हो', उनले भने, 'यो हचुवाका भरमा दिइएको हुँदैन यसका लागि लामो अध्ययन र अनुसन्धान भएको हुन्छ र सोहीअनुसार औषधि उत्पादन गरिएको हुन्छ ।' औषधिको गलत प्रयोगले शरीरका अङ्गहरुमा दीर्घकालीन असर पनि पर्ने अवस्था आउनसक्ने उनको भनाइ छ । औषधिविज्ञ डा राजकुमार थापा औषधि खान जाने अमृत नभए विष समान हो भन्छन् ।

उनले भने, 'औषधि होसियारीपूर्वक सेवन गर्नुपर्छ । आफूखुसी औषधि सेवनले शरीरमा विभिन्न प्रकारका जटिलता निम्त्याउन सक्छ । जटिल प्रकारका लक्षण देखिँदा चिकित्सकको परामर्श, निगरानी र सिफारिसमा मात्रै सेवन गर्नुपर्छ ।' औषधिको उपयोग राम्रो नभए शरीरमा 'एन्टिबायोटिक रेसिसटेन्स' निम्त्याउने भएकाले साधारण दुखाइमा पनि 'पेन किलर' खाने बानी लाग्न सक्ने उनको भनाइ छ । चिकित्सकका अनुसार औषधिको मात्रा नमिलाएर खाँदा प्रभावकारी हुँदैन र कीटाणुको संख्या वृद्धि भई रोगलाई थप जटिल बनाउँछ । ती कीटाणुले एन्टिबायोटिकलाई जित्न सक्छ र पछि सोही परिणाममा सेवन गर्दा काम नगर्ने अवस्था आउँछ । डा खराल भन्छन्, 'एन्टिबायोटिक बढी मात्रामा सेवन गरियो भने यसले नकारात्मक असर पार्न सक्छ । तोकिएभन्दा बढी मात्रामा खाँदा कतिपय औषधिले सामान्यता ग्यास्ट्रिक बढाउनेदेखि कलेजो र मिर्गौलामा असर गर्छन् ।' उनले एक–दुईपटक औषधिको मात्रा बिर्सने बानीले पनि समस्या निम्तने भएकाले चिकित्सकको सिफारिसअनुसार नै नियमित औषधि सेवन गर्नु आवश्यक रहेको बताउँछन् । नेपाल स्वास्थ्य अनुसन्धान परिषद्ले 'नेपालमा एन्टिबायोटिकको प्रयोग र यसको प्रतिरोधको अवस्थागत मूल्याङ्कन' शीर्षकको अध्ययनमा २८ प्रतिशतले आफूखुसी औषधि खरिद गर्ने पाइएको थियो । त्यसैगरी, २२ प्रतिशत बिरामीले औषधिको पूरा मात्रा नखाई बीचमै छाड्ने गरेको पनि भेटिएको थियो । औषधिको राम्ररी सेवन नगर्दा पूरा रुपमा रोग निको नहुने र तोकिएको मात्रा सेवन नगर्दा जीवाणुले एएमआर (एन्टिबायोटिकविरुद्ध लड्ने क्षमता÷प्रतिरोध) को विकास गर्ने अवस्था आउँछ । जसकारण अर्को पटक सोही औषधि सोही परिणाममा सेवन गर्दा रोग निको नहुने विज्ञको भनाइ छ । सन् २०५० सम्म डब्लुएचओले वार्षिक एक करोड मानिस एएमआरको सिकार हुने अनुमान गरेको छ ।

डा खराल भन्छन्, 'दीर्घकालीन रोगको औषधि दीर्घकालीन रुपमा नै खानुपर्ने हुन्छ । कहिलेकाहीँ एक वा दुईवटा डोज बिर्सिंदैमा कुनै आपत्कालीन अवस्था आउँदैन तर सम्झने बित्तिकै खाने र सकेसम्म नियमित रुपमा खानुपर्ने हुन्छ । जस्तै नियमित खान भनिएको प्रेसरको औषधि खान बिर्सिंदा प्रेसर बढिराख्न सम्भावना हुन्छ ।' उनले नियमित खान भनिएका प्रेसर र सुगरको औषधिलाई तोकिएअनुसार नखाँदा कालान्तरमा पक्षघात, हृदयाघात हुने सम्भावना बढ्छ भने मिर्गौलाले काम नगर्ने तथा आँखामा असर हुनसक्छ । सुगर बढेको अवस्थामा मान्छे बेहोस नै हुने, आइसियुमा नै भर्ना गर्नुपर्ने अवस्था आउनसक्ने उनको भनाइ छ । धेरैले सुगर र प्रेसरको औषधिहरु आफैँ खान छोड्दिने प्रवृत्ति रहेकाले चिकित्सकले खानुपर्छ भनेका औषधिहरु आफूखुसी छोड्नु नहुने चिकित्सकको भनाइ छ । जनरल फिजिसियन डा सुमना बज्राचार्य भन्छन्, 'कडा खालका दुखाइ कम गर्ने औषधि चिकित्सकको निगरानीमा मात्र खानुपर्छ । आफूखुसी खाँदा ती औषधिहरुले ग्यास्ट्रिक बढाउने हुन्छन् जसले पछि गएर मिर्गौला समेतलाई असर पुर्‍याउन सक्दछ ।' औषधि खानैपर्ने अवस्था छैन भने पनि मान्छेले किनेर खाइरहेको पाइएको डा बज्राचार्यको अनुभव छ । उनी भन्छन्, 'दुई÷तीन दिन ज्वरो आएको छभने त्यो भाइरल ज्वरो हुनसक्छ जसमा एन्टिबायोटिक जरुरी पनि हुँदैन । हप्ता दिनमा निको भएर जान्छ । डरलाग्दो लक्षण देखिएमा जँचाउनुपर्छ । चिकित्सकले जरुरी भएको खण्डमा सङ्क्रमणअनुसार एन्टिबायोटिक दिन सक्छन् । पखाला लाग्ने बित्तिकै मेट्रोनिडाजोल खाइहाल्ने र घाँटी दुखेमा एजिथ्रोमाइसिन धेरैले खाने गरेको पाइन्छ । त्यस्तो गर्नु हुँदैन ।' बिरामीले औषधि लिनुअघि औषधि सेवन गर्ने तरिका, मात्रा र समय तालिका जस्ता कुरा राम्रोसँग बुझ्नुपर्छ । केही कुरामा द्विविधा भए तत्काल सोध्नुपर्छ । चिकित्सकको सल्लाहअनुसार मात्र औषधि सेवन गर्नुपर्छ । चिकित्सकले पनि बिरामीलाई औषधिको 'साइड इफेक्ट'बारे जानकारी दिनुपर्छ । औषधिविज्ञ प्रदीप लम्सालले जनमानसमा स्वास्थ्य साक्षरता तुलनात्मकरुपमा बढेको भए पनि पर्याप्त नभएको बताउँछन्, 'चिकित्सकको सिफारिसबिना औषधि सेवन गर्दा भविष्यमा असर गर्न सक्छ । यसबारे सचेतना र औषधिको गुणस्तरबारेमा पनि अनुगमन हुन जरुरी छ ।'

# ठोरीमा जंगल सफारी परीक्षण

**मधेशदृष्टि**
**वीरगंज ।**

ठोरीमा जंगल सफारीको परीक्षण गरिएको छ । ठोरी २ मा रहेको जंगल रिसोर्ट ठोरीबाट मंगलबार जंगल सफरीको परीक्षण शुभारम्भ गरिएको हो । ठोरी गाउँपालिका–२ का वडाध्यक्ष अमृतकृष्ण सापकोटाको प्रमुख आतिथ्यतामा निर्मल ठोरी मध्यवर्ती समितिका अध्यक्ष श्री बालकुमार बस्नेतको नेतृत्वमा गएको टोलीले सफल रुपमा जंगल सफारी परीक्षण सफल गरेको छ । जंगल रिसोर्टबाट सुरु भएको सफारी इच्छानगर हुँदै सिकारीवास, बुद्धनगरबाट हुलाकी मार्ग हुँदै जंगल रिसोर्ट ठोरीमा आई सम्पन्न भएको थियो । परीक्षणको रुपमा संचालन भएको र केही दिन भित्र कानुनी प्रक्रिया मिलाई नियमित रुपमा सफरी शुरु गरिने निर्मल ठोरी मध्यवर्ती उपभोक्ता समितिका अध्यक्ष बालकुमार बस्नेतले जानकारी दिए । जंगल सफारीलाई संचालन गर्न रोड मर्मतका लागि समितिबाट ८ लाख रुपैयाँ खर्च गरी कार्य सम्पन्न समेत गरेको अध्यक्ष बस्नेतले बताए । जंगल सफारीले ठोरी क्षेत्रमा पर्यटन विकासमा नयाँ आयम थप्ने, ठोरीको पर्यापर्यटनका लागि थप आकर्षक हुने ठोरी २ का वडाध्यक्ष सापकोटाले विश्वास व्यक्त गरे । भारतीय पर्यटक र वीरगंज लगायत अन्य स्थानहरुबाट आउने आन्तरिक वा वाह्य पर्यटकहरुका लागि जंगल सफारी अत्यन्त प्रभावकारी हुने , ठोरीका जंगल भित्र र बाहिरका बस्तीहरुले समेत यसको प्रत्यक्ष लाभान्वित हुने निर्मल ठोरी मध्यवर्ती उपभोक्ता समितिका अध्यक्ष बस्नेतले बताए ।

# मन्दिरको जग्गा अतिक्रमण मन्त्रीलाई ज्ञापन पत्र



**मधेशदृष्टि**
**महोत्तरी ।**

राष्ट्रिय एकता अभियानले महोत्तरी मटिहानी–६ स्थित जरलहवा गाछीमा भएको आगलागीको घटनापछि मन्दिरको जग्गा अतिक्रमण भएकोबारे गम्भीर चिन्ता व्यक्त गरेको छ ।

अभियानका अध्यक्ष विनय यादवले भुमि सुधार मन्त्री बलराम अधिकारीलाई मंगलबार सिंहदरबारमा त्यसबारे ज्ञापन पत्र बुझाएका छन् । हिन्दू आस्थाको पवित्र स्थल लक्ष्मीनारायण गुठीको जग्गा गैर कानुनी रूपमा कब्जा गरिएको ज्ञापन पत्रमा उल्लेख छ । 'आगलागी पीडितलाई राहत दिने बहानामा मन्दिरको जग्गामा बसाइएको छ । यस्ता गैर कानुनी अतिक्रमणले हाम्रा धार्मिक स्थलहरूको पवित्रतालाई उल्लङ्घन गर्ने मात्र होइन् न्याय, समानता र विधिको शासनको सिद्धान्तलाई पनि कमजोर बनाउँछ । हामी तपाईँको सम्मानित मन्त्रालयलाई यस मामिलालाई सम्बोधन गर्नको लागि तत्काल र निर्णायक कदम चाल्न आग्रह गर्दछौँ ।' ज्ञापन पत्रमा उल्लेख गरिएको छ ।

# विष्णु महायज्ञ तयारी सम्बन्धमा सर्वदलीय बैठक

**मधेशदृष्टि**
**वीरगंज ।**

पोखरियामा बिहीबारदेखि हुने विष्णु महायज्ञको तयारीका सम्बन्धमा सर्वदलिय बैठक सम्पन्न भएको छ ।

पोखरिया नगरपालिका वडा नम्बर ४ का अध्यक्ष तथा महायज्ञ आयोजक समितिका संयोजक लक्षमण साह कानुको अध्यक्षतामा सम्पन्न सर्वदलीय बैठकले महायज्ञको पहिलो दिन २७ गते जलयात्रा तथा शोभा यात्रा आयोजना गर्ने, २८ गते यज्ञ प्रारम्भ अग्नि मंथन मण्डप प्रवेश गर्ने, जेठ ४ गते महायज्ञको पूर्णआहुति दिने कार्यक्रम तय भएको छ । यसैगरी बैठकले पोखरिया बजारमा वैशाख २७ देखि जेठ ४ गते सम्म माछा, मासु, तथा दारू, रक्सी, मदिरा जन्य पदार्थ मांसाहारी पसलहरु बन्द गर्ने निर्णय गरेको छ । बैठकमा पोखरिया नगरपालिकाका नगर प्रमुख प्रद्युमन प्रसाद चौहान, वडा अध्यक्ष केदार महतो चाई, महेन्द्र महतो चाई, सोनालाल साह गोड, पोखरिया नगरपालिकाका पूर्वमेयर दीपनारायण प्रसाद रौनियार, नेकापा एमालेका नगर अध्यक्ष बिध्याञ्चल ठाकुर, नेपाली कांग्रेसका नगर अध्यक्ष रामबाबू चौहान, नेता नेजामोदिन समानी लगायतको सहभागिता रहेको थियो ।

# दुग्ध विकास संस्थानलाई सघाउँदै मधेश प्रदेश कृषि मन्त्रालय

**रासस**
**जनकपुरधाम ।**

सरकारको स्वामित्वमा रहेको दुग्ध विकास संस्थान, जनकपुर दुग्ध वितरण आयोजना ढल्केवरद्वारा उत्पादित घ्यूले बजार नपाएपछि मधेश प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले खरिद गर्न थालेको छ । आयोजना प्रमुख दिनेशकुमार जोशीका अनुसार आयोजनाबाट उत्पादित घ्यू नबिकेपछि भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री गोविन्दबहादुर न्यौपानेको निर्देशनमा त्यहाँका कर्मचारीले प्रतिमहिना एक लाख रुपैयाँ बराबरको घ्यू खरिद गर्न थालेका हुन् । गत फागुनदेखि घ्यू खरिद सुरु भएको हो । गुठी संस्थानले पनि घ्यू खरिद गर्न थालेको छ । पशुपालन तथा दुग्ध व्यवसाय गर्ने किसानसँग उधारोमा दूध खरिद गर्दै आएको आयोजनाले साउनदेखि मङ्सिरसम्मको बक्यौता रकम तिरेको भए तापनि पुस–माघको एक करोड ३१ लाख रुपैयाँ तिर्न बाँकी छ । आयोजनाअन्तर्गत १२ हजार किसान प्रत्यक्ष रूपमा आबद्ध भई आर्थिक लाभ लिन थालेका छन् । धनुषा, महोत्तरी, सर्लाही, सिन्धुली तथा उदयपुरका सङ्कलन केन्द्रमार्फत दूध सङ्कलन हुन गरेको छ । जाडो याममा चार हजार लिटर तथा सुक्खा याममा प्रतिदिन दुई हजार लिटर दूध सङ्कलन हुने गरेको छ ।

# राजमार्गमा हिलो र धुलोले सास्ती

**रासस**
**गण्डकी ।**

पर्यटकीय राजधानी पोखरा जोड्ने दुई ठूला राजमार्ग विस्तार तथा स्तरोन्नतिमा भइरहेको ढिलासुस्तीको प्रत्यक्ष मार यात्रु र सवारीचालकले खेप्नुपरिरहेको छ । पोखरा–मुग्लिन सडक आयोजना र मध्यपहाडी लोकमार्गअन्तर्गत कास्कीको हरिचोक–याम्दी सडक समयमा नबन्दा वर्षात्मा हिलो र हिउँदमा धुलो छिचोल्दै यात्रा गर्नुपर्ने बाध्यता छ । दुवै राजमार्गबाट आउजाउ गर्ने सर्वसाधारण यात्रु र स्थानीयवासीले हिलो र धुलोको सास्तीबाट कहिले मुक्ति पाउछन् टुङ्गो छैन । 'प्रि–मनसुन'को याम चलिरहेकाले पानी पर्दासाथ सडक हिलाम्मे हुने र घाम लाग्दा धुलाम्मे हुने गरेको छ । सडक स्तरीय नहुँदा पैदलयात्रीसमेत समस्या व्यहोर्न बाध्य छन् । पोखरा–दमौली चल्ने बसका सह–चालक दीपक परियारले सडककै कारण सवारी जामलगायतका समस्या भोग्नुपरिरहेको सुनाए । 'निर्माणका क्रममा भएकाले सडक ठाउँठाउँमा भत्किएको छ, यात्रामा जोखिम छ', उनले भने, 'सडकको काम ढिलो हुँदा यो समस्या धेरै लम्बिने देखिन्छ ।' आउँदो वर्षायाममा पोखरा–मुग्लिङ यात्रा थप कष्टकर बन्ने परियारले बताए । पर्यटकीय राजधानी पोखरा जोड्ने मुख्य सडकमार्गको दुरावस्थाका कारण पर्यटक आवागमनमा पनि नकारात्मक प्रभाव परिरहेको छ । दुई वर्षअघि सुरु भएको उक्त सडक विस्तार तथा स्तरोन्नति सुस्त गतिमा हुँदा समस्या निम्तिएको हो । आयोजनाको पूर्वी खण्ड (मुग्लिन–जामुने)मा हालसम्म भौतिक प्रगति ५१ प्रतिशत र पश्चिम खण्ड (जामुने–पोखरा)मा जम्मा १७ प्रतिशत पुगेको जनाइएको छ । पूर्वी खण्डको १४ किमि दुरीमा दुईतर्फी (चार लेन) र १२ किमिमा एकतर्फी (दुई लेन) सडक कालोपत्र भइसकेको आयोजना कार्यालयले जनाएको छ । उक्त खण्डमा पर्ने १७ साना–ठूला पक्की पुलमध्ये १४ वटा बनिसकेको र तीनवटा निर्माणाधीन अवस्थामा रहेका छन् । मादीमा बन्ने 'सिग्नेचर' पुल भने छुट्टै ठेक्कामार्फत निर्माण भइरहेको छ । बाँकी ठाउँमा कालोपत्रका लागि बेस हाल्नेदेखि, कल्भर्ट, नाली, पर्खाललगायत पूर्वाधार तयारीका काम भइरहेको जनाइएको छ । ४१ दशमलव ४५ किमिको पूर्वी खण्डमा विसं २०७८ वैशाखदेखि निर्माण कम्पनी चाइना कम्युनिकेसन कन्स्ट्रक्सनले काम सुरु गरेको थियो । पूर्वी खण्डमा पर्ने तनहुँको दमौली र डुम्रे बजारमा छ लेन र बाँकी खण्डमा चार लेनको सडक बन्नेछ । आयोजनाको पश्चिम खण्ड (पोखरा–जामुने)का प्रमुख राजेसप्रसाद पौडेलले उक्त सडक खण्डको काम सकिन अझै दुई वर्ष



लाग्ने बताए । 'हालसम्म पश्चिम खण्डको भौतिक प्रगति १७ प्रतिशत छ, कुनै अवरोध आएन भने दुई वर्षभित्र काम सकिन्छ', उनले भने । कतिपय ठाउँमा सडक दायाँबायाँका भौतिक संरचना, विद्युत् पोल, खानेपानी र सिँचाइका पूर्वाधार व्यवस्थापन गर्न काम बाँकी रहेको उनको भनाइ छ । पश्चिम खण्डमा हालसम्म साढे पाँच किमि सडक कालोपत्र भइसकेको जनाइएको छ । तनहुँको थर्पु, तुरतुरे, कास्कीको तल्लो गगनगौँडालगायत खण्डमा कालोपत्रको तयारी गरिएको प्रमुख पौडेलले जानकारी दिए । आगामी असारभित्र ३० प्रतिशत भौतिक प्रगति हासिल गर्ने लक्ष्यसहित आयोजनाको कामलाई गति दिइएको उनको भनाइ छ । तनहुँको जामुनेदेखि पोखराको सेती पुलसम्म ३८ दसमलव ८८ किमि दुरी रहेको पश्चिम खण्डको आधा सडक छ लेन र आधाजति चार लेनको बन्नेछ । आयोजनाको पश्चिम खण्डको निर्माण पूर्वी खण्डको भन्दा छ महिनापछि सुरु भएको थियो । सडकको अधिकार क्षेत्रभित्रका संरचना, विद्युत् पोल, खानेपानीका पूर्वाधार आदि हटाउन समय लागेकाले सडक निर्माणमा ढिलाइ भएको प्रमुख पौडेलले बताए । पश्चिम खण्डअन्तर्गत दुलेगौँडा र मुख्य बजार क्षेत्रको सडक ४६ मिटर हुनेछ । जामुनेदेखि कुम्लेखोलासम्ममा १८ मिटर र बाँकी खण्डमा २३ मिटर सडक कालोपत्र हुने जनाइएको छ । पश्चिम खण्डमा १२ वटा पक्की पुल र सयको हाराहारीमा कल्भर्ट बनिरहेको आयोजना कार्यालयले जनाएको छ । पोखराको सेती नदीमा 'सिग्नेचर' पुल निर्माणाधीन अवस्थामा छ । चिनियाँ निर्माण कम्पनी यनहुई काइयुयान हाइवे एण्ड ब्रिज कन्सट्रक्सनलले सात अर्ब ४० करोड ४६ लाख रुपैयाँमा पश्चिम खण्डको निर्माण ठेक्का लिएको हो । कुल ८१ किमि दुरीको सो सडक एसियाली विकास बैङ्कको अनुदान सहयोगमा विस्तार तथा स्तरोन्नतिको काम भइरहेको हो । पोखरा महानगरपालिका–१ का अध्यक्ष सहारा प्रधानले २२ सय मिटरको हरिचोक–याम्दी सडक दुई वर्ष बित्दासमेत स्तरोन्नति हुन नसकेको बताए । 'हामीले पटकपटक दबाबमूलक कार्यक्रम पनि गर्‍यौँ, तर निर्माण कम्पनीले विभिन्न बहाना बनाउँदै काममा ढिलासुस्ती गरिरहेको छ', उनले भने, 'पोखरा प्रवेश गर्ने मुख्य सडकमार्गको अवस्था दुर्दशापूर्ण छ, स्थानीयवासी पनि धुलो र हिलोले हैरान छन् ।

पोखरा–बागलुङ चल्ने जीपका चालक लक्ष्मण क्षेत्रीले दुई वर्षदेखि उक्त सडकको अवस्था नाजुक रहेको बताए । 'एकातिर गाडीलाई मार अर्कातिर यात्रुलाई सकस', उनले भने, 'दुवैतर्फ चार लेन कालोपत्र सडक छ, बीचको बाटो किन बनेन अचम्म छ ।' ग्राभेल हालेर खाल्डाखुल्डी पुर्ने र पानी तर्काउनेसम्मको काम पनि नभएकामा उनले दुःखेसो पोखे । सोही सडकका कारण पोखरासम्मको यात्रा झञ्झटिलो र लामो बनेको यात्रुको गुनासो छ । पोखराको जिरो किमीदेखि हरिचोक र याम्दीदेखि फेँदीसम्मको सडक दुई वर्षअघि नै कालोपत्र गरिएको थियो । बीचको झण्डै २२ सय मिटर सडक बिस्तार र कालोपत्र गर्न बाँकी रहेको लोकमार्ग आयोजना कार्यालय, पर्वतले जनाएको छ । केही ठाउँमा नाला निर्माण र पर्खाल चिन्ने काम भएपनि सडकको भौतिक प्रगति अति न्यून छ । आयोजना कार्यालयले कामलाई गति दिन निर्माण व्यवसायीलाई पटकपटक ताकेका गर्दै आएको छ । आयोजनाका प्रतिनिधि, स्थानीय जनप्रतिनिधिलगायत सरोकार भएका पक्षबीचको बैठकमा सडक निर्माण छिट्टै सक्ने प्रतिबद्धता जनाइएपनि कामले गति लिन नसकेको वडाध्यक्ष प्रधानले बताए । गत वर्ष साउनमा काठमाडौँको मोतीदान कन्स्ट्रक्सन सेवा प्रालिले निर्माणको जिम्मा पाएको थियो । २५ मिटर चौडा चार लेनको उक्त सडक दुई वर्षभित्र सक्नुपर्ने सम्झौता छ । प्रदेश राजधानी पोखरा जोड्ने मुख्य सडकको दुरावस्थाप्रति जनगुनासो पनि बढ्दै गएको छ । पश्चिमतर्फ पर्वत, बागलुङ, म्याग्दी, मुस्ताङ, रुकुम पूर्वलगायतका जिल्लाबाट लोकमार्ग हुँदै दैनिक सयौँ गाडी पोखरा आउजाउ गर्छन् । सडक कालोपत्र नहुँदा धुलो र हिलोको समस्याले स्थानीयवासी पनि आजित भएका छन् । व्यापारमा पनि असर पुगेको जनाइएको छ । सडक साँघुरो र अस्तव्यस्त हुँदा सवारी जामको समस्या उस्तै छ । दुर्घटनाको पनि जोखिम बढेको छ । 'मौसमको प्रतिकुलता, भुक्तानी नपाएको जस्ता समस्या देखाएर निर्माण कम्पनीले काममा ढिलासुस्ती गरिरहेको छ', वडाध्यक्ष प्रधानले भने, 'अहिलेकै गतिमा काम भए आउँदो साउनभित्र पनि सडक कालोपत्र हुन मुस्किल पर्ने देखिन्छ ।'

# एथलेटिक्सका यादवलाई आर्थिक सहयोग गर्ने प्रतिबद्धता

**मधेशदृष्टि**
**रौतहट ।**

रौतहटको कटहरिया नगरपालिकाका मेयर अजय प्रकाश जयसवालले ईन्टरनेशनल एथलेटिक्स खेलाडी आदेश कुमार यादवलाई सम्मान गरेका छन् । कटहरिया नगरपालिकाको कार्यकक्षमा वडा भसेढवाका कृष्णनन्दन यादवको छोरा खेलाडी आदेशलाई मेयर जैसवालले टीका लगाई, खाँदा ओढाइ सम्मान गर्नुका साथै सफलताको शुभ कामना दिएका थिए । खेलाडी यादवलाई सक्दो आर्थिक सहयोग गर्ने मेयर जैसवालले प्रतिवद्धता जनाएका थिए । आर्थिक अभावमा खेलाडी यादवले प्रायोजकको खोजी गरिरहेको समय मेयर जैसवालले सक्दो सहयोग गर्ने प्रतिबद्धता निकै महत्वपूर्ण हुने कटहरिया नगरवासीले बताएका छन् ।

# यदि म दोषी देखिन्छु भने मलाई फासी होस्: लामिछाने



**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाली राष्ट्रिय क्रिकेट टिमका पूर्वकप्तान सन्दीप लामिछानेले काठमाडौं जिल्ला अदालतले गरेको फैसलामा गम्भीर त्रुटि रहेको टिप्पणी गरेका छन् । उनले आफू कानूनले नभएर अनुमान र एकतर्फी भनाइका आधारमा दोषी भएको दाबी गरेका छन् । लामिछानेले उक्त घटना घटेको नभई घटाइएको बताएका छन् । 'म यो घटनाको निर्दोष पात्र हुँ र मलाई यो घटना कसले कसरी घटाउन लगाएको भन्ने राम्रै थाहा छ, त्यसमा तपाईंहरुको पनि सहभागिता छ । धैरै खोल्न बाँकी छ । फेरि भन्छु यो घटना घटेको होइन घटाइएको हो', उनले लेखेका छन् ।

मंगलबार राति सामाजिक सञ्जालबाट सन्दीपले आफूमाथि लागेको आरोप प्रमाणित गर्न चुनौतीसमेत दिएका छन् । उनले लेखेका छन् – 'मलाई थाहा छ कि जिल्ला अदालतले गरेको फैसलामा गम्भीर त्रुटी छ । तर, पनि धेरै चुप लागेर बसें । कानुन व्यवसायीले भन्नुहुन्छ– तिमीलाई नगरेको अपराधको दोषी बनाइएको छ । न तथ्यले, न प्रमाणले, न अनुसन्धानको कुनै सारभूत निचोडले पुष्टि गर्छ । तर, मैले कति सहनु ?'

आफू न्याय माग्दामाग्दै शिथिल भइसकेको उल्लेख गर्दै उनले आफूमाथि केही 'सामाजिक अभियन्ता'हरुले झुटा आरोप लगाएको बताएका छन् । 'ती तथाकथित र भनौदा सामाजिक अभियन्ताहरुलाई मेरो यो खुला चुनौती हो, उहाँहरुलाई मेरो र गौशाला २६ बीच जुनसुकै सम्बन्ध चाहे जबरजस्ती वा अनुचित प्रभावबाट भएको, तथ्य र प्रमाणले अझै साबित गर्नुहोस्, यदि म दोषी देखिन्छु भने मलाई फाँसीमा चढाइयोस् । मलाई ८ वर्षले पुर्दै पुर्दैन' उनले लेखेका छन् । उनले आफू बोलेकै भरमा फसाइएको दाबी समेत गरेका छन् । हाल उनको मुद्दाको पुनरावेदन उच्च अदालतमा विचाराधीन छ ।

# पानी परेसँगै राहत

**मधेशदृष्टि**
**वीरगंज ।**
मध्यतराईका जिल्लाहरुमा सुखा खडेरी र प्रचण्ड गर्मीका कारण जनजीवन प्रभावित भईरहेको बेला पानी परेसँगै राहत भएको छ । सुखा खडेरीले वीरगंजलगायत बारा, पर्सा, रौतहटमा खानेपानीका धारा समेत सुकेको र खडेरीका कारण किसानहरुको बाली समेत सुकेको अवस्थामा पानी परेपछि सर्वत्र खुशियाली छाएको छ । वीरगंज र यस आसपासका क्षेत्रमा करिब ६÷७ महिनापछि मंगलबार बर्षा हुँदा गर्मीबाट आजित बनेका सर्वसाधारणले शीतलताको महसुस् गर्न पाएका हुन् भने ग्रामीण भेगका किसानहरु बालीनाली सप्रिने भन्दै हर्षित छन् । वीरगंज र यस आसपासको क्षेत्रमा पछिल्लो दुई साता यता तापक्रम बढेर अधिकतम ४३ डिग्री सेल्सियससम्म पुगेको थियो । दिउँसोको समयमा भने लु जस्तै तातो हावा पनि चल्न थालेको थियो । यस्तै चापाकल लगायत खानेपानीका श्रोतहरुपनि सुक्दै जाँदा शहरी क्षेत्रमा खानेपानीको हाहाकार समेत सुरु भइसकेको थियो । तर मंगलबार दिउँसो लगातार डेढ घण्टा भन्दा बढी बर्षा भएपछि जमिनमुनी पानी रिचार्ज भएर चापाकलमा पानी आउन थाल्ने अपेक्षा गरिएको छ । लामो समयसम्म खडेरी परेका कारण चैते धान रोपाई र हिउँदे खेतीबाली प्रभावित भएपछि निराश भएका किसानहरु वर्षा भएपछि भने किसान हर्षित बनेका हुन् । खडेरीका कारण गहुँ, तोरी, र हरियो तरकारीको उत्पादन घटेर निराश बनेका किसानहरु अब पानी परेपछि चैते धान लगायतका बर्षेबालीलाई राहत पुगेपछि हर्षित भएको पर्सा विश्वागुठीका किसान भुवन पौडेलले बताए । वर्षा भएपछि किसानलाई खेतबारी जोतखन गर्न र बर्खे बाली लगाउन सहज हुने कृषि ज्ञान केन्द्र पर्साले जनाएको छ ।

# हुण्डी कारोबारमा संलग्न पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा प्रहरीले गण्डक चोकमा चोकजाँचको क्रममा हुण्डी कारोबारीमा संलग्न एक जनालाई श्रोत नखुलेको १३ लाख २५ हजार रकमसहित पक्राउ गरेको छ । वडा प्रहरी कार्यालय श्रीपुर र प्रहरी चौकी गण्डकबाट खटिएको प्रहरी टोलीले गण्डकचोक स्थित सडकखण्डमा वीरगंजबाट परवानीपुरतर्फ जाँदै गरेका प्रदेश २–०३ –०१० प ६७१९ नम्बरको मोटर साईकल रोकी चेकजाँच तथा खानतलासी गर्दा वीरगंज महानगरपालिका वडा नम्बर २२ जगरनाथपुर बस्ने २८ बर्षिय रवि कुमार पटेलको साथबाट श्रोत नखुलेको हजार दरका ८ सय ८९ नोट, ५ सय दरका ८ सय ५० नोट, सय दरका १० थान नोट सहित १३ लाख २५ हजार नगद र विभिन्न बैंकका चेक समेत बरामद गरेको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता डिएसपी कुमार विक्रम थापाले बताए । अभियुक्तलाई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ विरुद्धको कसूरमा थप अनुसन्धान कार्य अगाडी बढाईएको थापाले जानकारी दिए ।

# आगलागी पीडितलाई सहयोग

**मधेशदृष्टि**
**वीरगंज ।**
बाराको फेटा गाउँपालिका वडा नम्बर १ मा गत वैशाख २० गते भएको आगलागी पीडितलाई राहत वितरण गरेको छ । वीरगंज महानगरपालिका वडा नम्बर ५ का अध्यक्ष प्रदिप चौरसियाको नेतृत्वमा सृजनशिल आमा समूह, सामुदायिक प्रहरी सेवा केन्द्र कुम्हालटोलको संयुक्त टोलीले आगलागीबाट प्रभावित ६ घर परिवारलाई खाद्यान्न, लत्ताकपडा, कम्बल, नगद ५ हजार रुपैयाँ सहयोग प्रदान गरेको चौरसियाले बताए । टोलीमा सञ्जु दहाल, सन्ध्या भट्ट, जुली श्रेष्ठ, शान्ता श्रेष्ठ, मनोज साह, कुमार विक लगायतको सहभागिता रहेको थियो । आगलागी पीडितहरुले वीरगंजबाट आफूहरुलाई सम्झेर राहत सहित आएकोमा आभार व्यक्त गरेका थिए ।

# मन्त्रीले सेवाग्राही बनेर गरे कार्यालयको अनुगमन

**मधेशदृष्टि**
**महोत्तरी ।**
मधेश प्रदेश सरकारका उद्योग, वाणिज्य तथा पर्यटन मन्त्री युवराज भट्टराईले महोत्तरी जिल्लाको घरेलु तथा साना उद्योग कार्यालयमा सेवाग्राही बनेर अनुगमन गरेका छन् । अनुगमनका क्रममा कार्यालयका प्रमुखदेखि कर्मचारीहरु समयमा नआउने गरेको पाईएको, कार्यालयका कम्प्युटर लगायतका भौतिक स्रोत साधनहरु पनि प्रयोगमा नल्याइएको साथै सरसफाई समेत नगरी राखिएको पाईएको मन्त्री भट्टराईले बताए । कार्यालय प्रमुख विनोद कान्त झा कार्यालय समयमा नआएको पाईएपछि अनुगमन स्थलबाटै फोन गरेर बोलाई समयमा कार्यालय आउन र कार्यालयको सरसफाईमा पनि ध्यान दिन सचेत गराईएको थियो । मन्त्री भट्टराईले कार्यालयका प्रमुख तथा कर्मचारीहरुलाई सेवाग्राहीको काम सहज र सरल ढंगले गरिदिन कुनैपनि सेवाग्राहीलाई दुःख नदिन पनि निर्देशन दिए ।

# सीमाक्षेत्रबाट हतियारसहित युवक पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजको सीमावर्ती क्षेत्रबाट भारतीय प्रहरीले हतियारसहित एक युवकलाई पक्राउ गरेको छ । रक्सौलस्थित भारतीय एसएसबीले मितेरी पुलबाट हतियार पेस्तोलसहित नेपाली नागरिकलाई पक्राउ गरेको हो । नेपालको नवलपरासी गैंडाकोटका २५ वर्षीय मनोज महर्जनलाई दुई थान पेस्तोल र दुई थान म्याग्जिनका साथ पक्राउ गरिएको भारतीय एसएसबीले जनाएको छ । सोही क्रममा नवलपरासीकै विवेक मल्ल ठकुरी फरार भएको एसएसबीका सहायक कमाण्डेट गुलाब कुमार चौधरीले जानकारी दिए । उनकाअनुसार बरामद दुवै पेस्तोल ९ एमएमका हुन् । तिमध्ये एक मेड इन यू एस ए र अर्को मेड इन इटली रहेको उनले बताए । एउटा पेस्तोलमा म्याग्जिन लोड थियो । हत्या वा लुट तथा कुन प्रयोजनका लागि हतियारसहित भारत प्रवेश गर्न लागेको भन्ने यकिन भइसकेको छैन । यस विषयमा आवश्यक अनुसन्धान भइरहेको भारतीय एसएसबीले जनाएको छ । दुई जना अपराधिक गतिविधिमा संलग्न व्यक्ति भारत प्रवेश गरेको विशेष सूराकीका आधारमा चेकजाँच गर्न खोज्दा दुवै जना डंकन अस्पताल रोडतर्फ भागेका थिए । भाग्ने क्रममा अभियुक्तहरुले झाडीमा पेस्तोल र म्याग्जिन फालेको भारतीय प्रहरीले जनाएको छ । सोही क्रममा एक जनालाई एसएसबीले पक्राउ गर्न सफल भयो भने विवेक मल्ल ठकुरी भाग्न सफल भएको इन्स्पेक्टर राजीव नन्दन सिन्हाले बताए । यस सम्बन्धमा नेपाल प्रहरीसँग समन्वय गरेर घटनाको बारेमा अनुसन्धान अगाडी बढाईने जनाएको छ ।

# नव निर्वाचित नगर समितिलाई सम्मान

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
तेली कल्याण समाज नेपालको नव निर्वाचित नगरसमितिलाई बधाई तथा सम्मान गरिएको छ । मंगलबार तेली कल्याण समाज नेपाल जिल्ला कार्यसमिति धनुषाका अध्यक्ष ललितकुमार साहको अध्यक्षतामा रामबहादुर साह धर्मशाला, जनकपुरधामको सभाकक्षमा आयोजित कार्यक्रममा जनकपुरधाम उपमहानगरपालिका कार्यसमितिको नवनिर्वाचित कार्यसमितिलाई बधाई तथा सम्मान गरिएको हो । पूर्वमन्त्री अरविन्द साह र विशिष्ट अतिथि पूर्व नगर प्रमुख बजरंग साह को विशेष उपस्थितिमा अध्यक्ष रामवावू साह, उपाध्यक्ष



सतीश रमण साह, महिला उपाध्यक्ष कौशल्या देवी साह, महासचिव अम्बुप्रसाद साह, सचिव सुनिल कुमार साह , कोषाध्यक्ष सुभाष चन्द्र साह, सदस्यहरु निरञ्जन साह, वीरेन्द्र साह, रंजीतसाह, रविकुमार साह, जयप्रकाश साह लगायतका सदस्यहरुलाई गमछा र अबिर लगाएर बधाई दिएका थिए । कार्यक्रममा केन्द्रीय सल्लाहकार जगदीश साह, पूर्व जिल्ला अध्यक्ष लक्ष्मी साह, पूर्व केन्द्रीय उपाध्यक्ष राम वावू साह, नेकपा एमाले कोनेता तथा पूर्व वडा अध्यक्ष जानकी रमण साह, वडा अध्यक्ष दीपेन्द्र साह, परमेश्वर साह, जनकपुरधाम उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष ललित साह, वरिष्ठ उपाध्यक्ष डा. जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष मनिष रमण साह, कोषाध्यक्ष परमेश्वर साह, तेली कल्याण समाज नेपाल धनुषाका जिल्ला उपाध्यक्ष ई. शम्भु साह, सचिव अशोक साह, सहसचिव पवनदेवी साह, कोषाध्यक्ष दुखरण साह, पूर्व जिल्ला उपाध्यक्ष श्याम साह, प्रा. सुरेश साह, दुखनी देवी साह, मधु देवी साहलगायतको सहभागिता थियो ।

# कर्मचारी र जनप्रतिनिधिको मिलेमतोमा भ्रष्टलाई निर्माणको काम

**एसपी गौरव**
**सर्लाही ।**
सर्लाहीको हरिपुर नगरपालिका २ स्थित सानो जगतपुरमा रहेको जनता आधारभूत विद्यालयको भवन निर्माणको काम गुणस्तरहिन भएको भन्दै अभिभावकहरुले गुनासो गरेका छन् । हरिपुर नगरपालिकाको ६१ लनख ७० हजार रुपैयाँ भ्याट सहितमा करिब एक महिना पहिला निर्माण सुरु भएको विद्यालय भवनमा प्राविधिक मापदण्ड अनुसार नभएको पाईएको भन्दै अभिभावकहरुले हरिपुर नगरपालिकाको शिक्षा शाखा र प्राविधिक शाखामा गुनासो गरेका एक अभिभावकले बताए । आफुहरुसहित विद्यालयका प्रधानाध्यापक गिरिराज तिमल्सिनाहरुहितले नगरपालिकामा गुनासो गरेपनि अझै पनि निर्माण स्थलमा सूचना बोर्ड नराखेको, गिट्टी २५ एमएम र बालुवा नचालि नपखालि हालेको र राति राति काम गरेको साथै ढलान गर्दा बाँसका टेका हालेको अभिभावकहरुको गुनासो छ । हरिपुर नगरपालिकाले एक करोड रुपैयाँमा ठेक्का खुलाउनु, ६१ लाख ७० हजार रुपैयाँ भ्याट समेतमा रोहन इन्जिनियरिङ एण्ड बिल्डर्स प्रा.लिले ठेक्का सकार गर्नुका साथै अख्तियार दुरुपयोग अनुसन्धान आयोग बर्दिवासले विशेष अदालतमा मुद्दा हाली मुद्दा विचाराधिन अवस्थामा रहेका निर्माण व्यवसायीले नै ठेक्काको काम पाउनुले हरिपुर नगरपालिकाका जनप्रतिनिधिहरुका साथै कर्माचारीहरुको मिलेमतोमा कमसल निर्माण सामग्रीमा विद्यालय भवन निर्माण भएको



स्रोतको दाबी छ । निर्माण व्यवसायी रन्जित साह हरिपुर नगरपालिकाका पूर्व इन्जिनियर समेत हुन भने अख्तियारले विशेष अदालतमा साह समेतलाई मुद्दा हालेपछि आफ्नो नाममा रहेको कम्पनीलाई साहले आफ्नी श्रीमती सोजिता साहको नाममा नामसारी गरेर काम गरिरहेका छन् । चालु आर्थिक वर्ष २०८०÷०८१ को असार मसान्तसम्ममा निर्माण सक्रे भन्दै रोहन इन्जिनियरिङ एण्ड बिल्डर्स प्रा.लिले चालू आर्थिक वर्ष २०८०÷०८१ को चैत महिनामा सम्झौता गरेको निर्माण व्यवसायी साहले बताए । 'गिट्टी र बालुवाको सवालमा पहिला मसँग पनि गुनासो आयो, त्यो अहिले सुधार भएको छ साथै हरिपुर नगरपालिका १२ २ पहिलादेखि नै विवादित वडा हो ।', निर्माण व्यवसायी साहले बताए । उनले पहिला पनि जनप्रतिनिधिहरुको आन्तरिक विवादका कारण आफू सहितलाई मुद्दा परेको समेत बताए । उनीहरु विरुद्ध हरिपुर नगरपालिका २ कै भुगोलमा लखन्देही नदीमा बाँध बनाउने विषयमा भ्रष्टाचार भएको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बर्दिवासले विशेष अदालतमा मुद्दा दायर गरेको छ तर साह सहितका कोही सो मुद्दाको सम्बन्धमा मौन देखिएका छन् भने हरिपुर नगरपालिकाका जनप्रतिनिधिहरु र कर्मचारीहरुको मिलेमतोमा उनै भ्रष्टलाई निर्माणको काम दिँदा थप भ्रष्टाचार हुनेमा स्थानीय चिन्तित देखिएका छन् ।

## नौ जना विरुद्ध भ्रष्टाचार मुद्दा दायर

सर्लाहीको हरिपुर नगरपालिकाकी तत्कालिन उप प्रमुख रेणुका देवी काफ्लेसहित नौ जनाविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा भ्रष्टाचार सम्बन्धी मुद्दा दायर गरेको छ । उनीहरुले सम्झौता अनुसार खोला नियन्त्रणका लागि तटबन्ध निर्माणको काम गर्दा आर्थिक अनियमितता गरेको भन्दै आयोगले चैत ५ गते सोमबार विशेष अदालतमा मुद्दा दायर गरेको जनाएको छ । तत्कालीन नगर उप प्रमुख काफ्ले, सदस्य बेदकुमारी बलम्पाकी र लक्ष्मी कुँमर तथा हरिपुर नगरपालिका १ का वडाध्यक्ष कुमार लामाले लखनदेवी खोला नियन्त्रण तथा स्पर निर्माणको कार्य सम्पन्न नहुँदै सम्पन्न भएको भन्दै भुक्तानी दिन सिफारिस गरेका थिए । हरिपुरका तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत नइन्द्र कुमार पौडेल, इन्जिनियर रञ्जित साह र सब–इन्जिनियर सञ्जीव चौधरीविरुद्ध पनि अख्तियारले मुद्दा दायर गरेको छ । उनीहरुले तोकिएको भन्दा कम क्षेत्रफल र कमसल तटबन्ध बनाएर ८५ लाख १८ हजार रुपैयाँ अनियमितता गरेको अख्तियारले दाबी गरेको छ ।

# घरेलु मदिरा नष्ट

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा प्रहरीले ४५० लिटर घरेलु मदिरा नष्ट गरेको छ । वीरगंज महानगरपालिका वडा नं.२१ हनुमान मन्दिरको सडकखण्डबाट प्रहरीले घरेलु मदिरा बरामद गरेको थियो । हेटौंडाबाट वीरगंजतर्फ आउँदै गरेको सार्वजनिक सवारी साधनहरुमा घरेलु मदिरा लोड गरी ल्याउदैं गरेको सूचना प्रहरीलाई आएको थियो । सोही सूचनाको आधारमा प्रहरी चौकी परवानीपुरबाट खटिएको टोलीले चेकजाँच गर्ने क्रममा घरेलु मदिरा बरामद गरेको हो । बरामद मदिरा जिल्ला प्रहरी कार्यालय पर्साको खाली जग्गामा नष्ट गरेको प्रहरी नायब उपरीक्षक कुमार विक्रम थापाले बताए ।

# विद्यालयलाई पंखा वितरण

**मधेशदृष्टि**
**वीरगंज ।**
उपकार सेवा नेपाल नामक संस्थाले वीरगंज महानगरपालिका वडा नं. २७ स्थित एक विद्यालयमा ५ थान सिलिङ पंखा वितरण गरेको छ । वडा नं. २७ रामपुर जसौलीस्थित श्री नेपाल राष्ट्रिय प्राथमिक विद्यालयमा सिलिङ पंखा वितरण गरेको हो । शिशु कक्षादेखि ६ कक्षासम्म अध्ययनरत २६६ जना बालबालिकाका लागि पंखा उपलब्ध गराएको हो । बढ्दो गर्मीमा हुने स्वस्थ्य समस्यालाई मध्यनजर गर्दै ५ पाँच थान सिलिङ्ग पंखा उपलब्ध गराएको सामाजिक अभियन्ता प्रकाश थारुले जानकारी दिए । विद्यालयको प्राङ्गणमा एक कार्यक्रमको आयोजना गरी संस्थाका अध्यक्ष विद्या कुमारी सरावगी तथा सदस्य सुमन बगेडियाले विद्यालयका प्रधानाध्यापक रामजित प्रसाद चौहान तथा विद्यालय व्यवस्थापन समिति अध्यक्ष उमेश कुमार कुशवाहालाई पंखा हस्तान्तरण गरेका थिए ।

# नारायणीको एमआरआई मेसिन बिग्रियो, मर्कामा बिरामी

**मधेशदृष्टि**
**वीरगंज ।**
नारायणी अस्पताल वीरगंजमा दुई सत्तादेखि एमआरआई नहुँदा बिरामीहरु मर्कामा परेका छन् । गत बर्षको कार्तिक महिनामा करोडौंको लागतमा खरिद गरिएको एमआरआई मेसिनमा समस्या आउँदा बिरामीलाई मर्का परेको हो । वीरगंजको एक माल सरकारी अस्पताल नारायणीमा एमआरआई नहुँदा गरिब, बिपन्न परिवारका बिरामीहरु बाहिर महँगो शुल्क तिरेर गराउन बाध्य भएका छन् । नारायणीमा ८ हजारमा हुने एमआरआई बाहिर सिधै दोब्बर १६ हजार रुपैयाँ तिर्नु पर्छ । नारायणी अस्पतालमा आउने अधिकांश बिरामीहरु गरिब, बिपन्न परिवारका हुन्छन् । तर अस्पताल भित्र एमआरआई नहुँदा ति बिरामीहरुलाई समस्या भएको हो । नारायणी अस्पतालका रेडियोलोजी विभाग प्रमुख अभिनाश झाका अनुसार नारायणीमा एमआरआई सेवा सुरु भएपछि दिनहु ८ देखि १० जना बिरामी सम्मको एमआरआई हुँदै आएको थियो । केही दिनदेखि मेसिनमा समस्या आउँदा त्यहीं संख्यामा दिनहु बिरामीहरु अस्पताल बाहिरबाट गराउन बाध्य भएका छन् । नारायणी अस्पतालको एमआरआई मेसिनमा एमआरआई गर्दा ईरोर हुने समस्या देखिएका छन् । चाइनाको युनाईटेड इमेज कम्पनीबाट खरिद गरिएको एमआरआई मेसिनको बाँकी रहेको २० प्रतिशत रकम भुक्तानी नहुँदा मेसिनमा समस्या देखिएको समस्या समाधान नगरेको नारायणी अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. चितरन्जन साहले बताए । मेसु डा. साहले समस्याबारे स्वास्थ्य मन्त्रालयमा जानकारी गराएपनि बजेट अभाव रहेकोले अगामी बर्षको बजेटमा अपुग रकम राख्ने मन्त्रालयले आश्वासन दिएको बताए ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालय: जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्ष: ध्रुव साह, सम्पादक: रामकुमार एलन